का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ असोज २०७९,
आइतबार
18 September 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक २२५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

अछाम पहिरो

## २१ जनाको मृत्यु २ जना बेपत्ता



कैलालीको कैलारी गाउँपालिका-५ मा बाढी पसेपछि सुरक्षित स्थानको खोजीमा निस्किएका स्थानीय । तस्वीर: मोहन पनेरु, रासस

दार्चुलामा ५ जनाको मृत्यु र १० जना बेपत्ता भएको एक साताभित्रै अछाममा बाढी र पहिरोमा परी २१ जनाको मृत्यु भएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ असोज ।

अविरलको वर्षासँगै आएको बाढी, पहिरो र डुबानमा परी सूदुरपश्चिमका विभिन्न जिल्लामा ठूलो क्षति पुगेको छ । केही दिन अगाडि दार्चुलामा ठूलो जनधनको क्षति भएको थियो । शुक्रबार रातिको वर्षाले अछाममा मात्रै २१ जनाको मृत्यु भएको छ । निमित्त प्रमुख जिल्ला अधिकारी – बाँकी पृष्ठ २ मा

संविधान दिवस भव्यरूपमा मनाऔं

- असोज ३, संविधान दिवस, राष्ट्रिय दिवसका रुपमा मनाऔं ।
- संघ, प्रदेश एवं स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संविधान दिवसको महत्व बढाऔं ।
- घरघरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चोलेन्द्रलाई महाअभियोग लगाउन सिफारिस

# निलम्बन निरन्तर

महाअभियोग सिफारिस समितिले प्रधानन्यायाधीस जबराको निलम्बन जारी राख्न सिफारिस गरेको छ ।


**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ भदौ ।

१ असोज, काठमाडौं । निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई महाअभियोग लगाउन सिफारिस भएको छ।

११ सदस्यीय महाअभियोग सिफारिस समितिले बहुमतका आधारमा महाअभियोग लाग्ने गरी तयार प्रतिवेदन पारित गरेका हुन्। जसमा सत्तारुढ गठबन्धनमा आवद्ध दलका ६ सांसद छन् । नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीका गरी ५ सदस्यले भने फरक मत राखेका छन् ।

साथसाथै, महाअभियोग सिफारिस समितिले प्रधान्यायाधीस जबराको निलम्बन जारी राख्न सिफारिस गरेको छ । सिफारिस प्रतिवेदनमा चोलेन्द्रको निलम्बन निरन्तर रहने पनि उल्लेख छ। नेकपा एकीकृत समाजवादीकी सांसद कल्याणी – बाँकी पृष्ठ २ मा






अब निलम्बित प्रधानन्यायाधीश जबरा अदालत फर्किने सम्भावना छैन् । उहाँमाथि लागेका अभियोगमाथि नयाँ संसद्ले थप छलफल गर्नेछ ।

**कल्याणी कुमारी खड्का**
सांसद, नेकपा एकीकृत समाजवादी

### ८ बुँदे फरकमत

नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीले प्रतिवेदनमाथि ८ बुँदे फरकमत राखेको छ। समितिको सदस्य रहेका एमाले उपाध्यक्ष विष्णु पौडेलका अनुसार सिफारिस समितिको प्रतिवेदनलाई गठबन्धनको पुलिन्दाको संज्ञा दिइएको छ ।

८ बुँदे फरक मतमा समय अभावका कारण कतिपय कागजात प्राप्त हुन नसकेको, प्रधानन्यायाधीश जबरामाथि लगाइएका आरोपबारे अध्ययन विश्लेषण र यथार्थ यकिन गरेर महाअभियोगको निर्णयमा पुग्न – बाँकी पृष्ठ २ मा



समितिले सभाको कार्यकाल (१ असोज २०७९) भित्रै प्रस्तुत महाअभियोगको सम्बन्धमा निर्णयमा पुग्न सिफारिससहितको प्रतिवेदन तयार गर्न र प्रस्तुत गर्न सक्ने अवस्था रहेन ।

**विष्णु पौडेल**
उपाध्यक्ष, नेकपा एमाले

वैदेशिक रोजगार विशेष

## मलेसियाको गुडइयर कम्पनीद्वारा आप्रवासी मजदुर विवाद समाधान

### कम्पनीले प्रति कामदार दुई लाख रिंगेटसम्म क्षतिपूर्ति दियो




**मध्यान्ह संवाददाता**
काठमाडौं, १ असोज

मलेसियाको बहुराष्ट्रिय कम्पनी गुडइयर टायर एण्ड रबर कम्पनीले प्रति कामदार दुई लाख रिँगेटसम्म क्षतिपूर्ति दिएर लामो समयदेखि कायम नेपालीसहितका आप्रवासी मजदुर विवाद समाधान गरेको छ।

विश्व प्रशिद्ध उक्त रबर कम्पनीले आप्रवासी कामदारको सेवा सुविधा तथा तलब भुक्तानीका विषयमा सार्वजनिकरूपमा केही नबोले पनि सेवा सुविधा तथा तलब पाएका आप्रवासी कामदारहरूले ५० हजार रिँगेटदेखि २ लाख रिँगेटसम्म पाएको बताएका छन्।

सेवा सुविधा तथा तलब पाउनेमा केही नेपाली कामदारहरू पनि रहेका छन् । कम्पनीले नेपाली, भारतीय र म्यानमारका गरी १ सय ८४ आप्रवासी कामदार आफूहरूले पाउनुपर्ने करिब ५ मिलियन रिँगेट क्षतिपूर्ति माग गर्दै सन् २०१९ देखि कानूनी लडाइँमा थिए । मलेसियाको श्रम विभागले कम्पनीले गलत तरिकाबाट आप्रवासी कामदारको ओभर टाईम वापतको तलब काटेको भन्दै १५ सय रिँगेट – बाँकी पृष्ठ २ मा

### भिजिट भिसामा यूएई पुगेका नेपाली युवाहरू समस्यामा

**काठमाडौं/मस-** भिजिट भिसामा यूएई गएका नेपाली युवाहरूले रोजगारी पाउन नसकेपछि चाडपर्वको समय नजिकिँदै गर्दा उनीहरू समस्यामा पर्ने क्रम बढेको छ। यूएईको सारजामा वैधानिक रूपमा काम गर्दै आएका पाँचथरका मेनम लिम्बूले भिजिट भिसामा गएर अलपत्र परेको एक नेपाली युवालाई आफुले मानवीय रूपमा एक हप्तासम्म कोठामा राखेपनि उनको स्वदेश फर्किने समस्या – बाँकी पृष्ठ २ मा

प्रतिनिधिसभा

## धर्मरायो, तर पनि पूरै कार्यकाल चल्यो

नयाँ संविधान बनेपछि गठित पहिलो प्रतिनिधिसभा राजनीतिक स्वार्थमा परेर बीचैमा धर्मराए पनि अन्ततः पूरा अवधि चल्यो । तर उल्लेखनीय काम भने गर्न सकेन ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ असोज ।

शनिबार मध्यरातिबाट प्रतिनिधिसभाको ५ वर्षे कार्यकाल समाप्त भयो । सो अवधिमा चालु संसद विघटन, एमसीसी पास, गुठी विधेयक, चुच्चे नक्सा आदि घटनाहरु चर्चामा रहे। तर, शनिबारबाट कार्यकाल सकिएको संसदले उल्लेखनीय काम भने गर्न सकेन ।

बरु, नेकपा एमाले र माओवादी केन्द्र मिलेर गठन भएको नेकपाभित्रको आन्तरिक कलहका कारण तत्कालीन प्रधानमन्त्री केपी ओलीले ५ पुस २०७७ र ८ जेठ २०७८ गरी दुईपटक संसद् विघटन गरे । आन्तरिक किचलोकै कारण ओलीले साढे तीन वर्षमै सत्ताबाट बाहिरिनुपर्‍यो। सर्वोच्चले असार २८ गते गरेको फैसलामा प्रतिनिधिसभा विघटनलाई बदर गरिदियो र शेरबहादुर देउवालाई असार २९ गते बेलुका ५ बजेभित्र प्रधानमन्त्री नियुक्त गरिसक्न परमादेश भयो ।

अनि, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बने। पाँच दलीय गठबन्धनले भागबण्डामा मन्त्रीमण्डल बाँडफाँड गर्‍यो अनि एमालेको नेतृत्वमा रहेका प्रदेशदेखि धेरै स्थानमा भाग खोसियो र एमाले प्रमुख विपक्षी दलका रुपमा रहन पुग्यो ।

नेपाली भूमि अतिक्रमण गरेर भारतले नयाँ नक्सा जारी गरेपछि प्रधानमन्त्री केपी ओलीले नेपालका गुमेका




भूभाग समेटिएको चुच्चे नक्सा सार्वजनिक गरेपछि यो विषयले सकारात्मक चर्चा पायो । यद्यपि, अहिले किताबमा वा अन्य सरकारी कार्यालयमा नक्सा गायब भएको चर्चा हुनेगरेको छ ।

त्यसपछि २०७४ फागुन २६ मा माओवादी सांसद कृष्णबहादुर महरा प्रतिनिधिसभाको सभामुख निर्वाचित भए। तर, यौन काण्डमा मुछिएपछि उनले १४ असोज २०७६ मा – बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२ असोज २०७९, आइतबार
18 September 2022, Sunday

## अछाम..

दीपेश रिजालका अनुसार, एघार जनाको उद्धार गरिएको छ । पहिरो मा परेकाहरुलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी सुर्खेत ल्याइएको छ । शनिबार साँझसम्म तुर्माखाँद गाउँपालिका-५ मा ४, कमलबजार नगरपालिका-६ मा ७ र वडा नं ८ मा ५ जनाको शव भेटिएको छ। उक्त वडामा तीन जना पहिरामा बेपत्ता छने। निमित्त प्रजिअ रिजालले बेपत्ताको खोजी भइरहेको बताए । ढकारी गाउँपालिका-६ मा एक जनाको शव भेटिएको छ भने एक बेपत्ता छन् ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक भोलाबहादुर रावलले अछाममा पहिरामा परी मृत्यु भएकाको शव व्यवस्थापनदेखि घाइतेको उद्धार र बेपत्ताको खोजीमा प्रहरी परिचालन गरिएको छ ।

'यकिन विवरण आइसकेको छैन। मृतकको सङ्ख्या बढ्न सक्छ' उनी भन्छन्, 'अछामका धेरै ठाउँमा पहिरो गएको खबर छ ।' सुदूरपश्चिमको सात पहाडी जिल्ला जोड्ने भीमदत्त मार्ग अवरुद्ध भएको छ । अछाममा सञ्चार सेवा समेत अवरुद्ध छ ।

लगातारको वर्षाका कारण कैलाली र कञ्चनपुर सयौं परिवार डुबानका कारण विस्थापित भएका छन् । वर्षापछि कञ्चनपुरको मछेली, बनहरा र दोदा नदीको बाढी बस्तीमा पसेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामसिंह चौधरीले बताए ।

जिल्लाको वनहरा शिविर, कृष्णपुर नगरपालिकाको तटीय क्षेत्रका वडाहरु, लालझाडी गाउँपालिका-३, शुक्लाफाँटा नगरपालिका-१२, बेलौरी नगरपालिका-५ लगायतमा बाढी घरमा पसेको र डुबान भएको छ ।

प्रहरी उपरीक्षक चौधरीका अनुसार अहिले डुबान परेका स्थानीयलाई सुरक्षित स्थानमा सारिएको छ । वर्षापछि आएको बाढीका कारण कैलालीको चुरे गाउँपालिका-६ बालकोटस्थित भीमदत्त राजमार्ग अवरुद्ध भएको छ । पहिरो खस्दा राजमार्ग अवरुद्ध भएको कैलालीका प्रहरी नायब उपरीक्षक वेदप्रकाश जोशीले जानकारी दिनुभयो । सोही गाउँपालिकाको वडा नं ५ र ६ स्थित भीमदत्त राजमार्गको अन्य पाँच स्थानमा पनि पहिरो जाँदा सडक अवरुद्ध छ ।

कैलालीको भजनी नगरपालिका-८ पथरिया नदीमा बाढी आउँदा सोनाफाटा, दैलेखी, भरतान, जनकपुर र छछरहवा टोल डुबानमा परेको छ। नदीमा पानीको बहाब बढ्ने क्रम जारी छ। वडा नं ५ स्थित कान्द्रा नदीमा पानीको सतह बढ्न गई मिलनपुर टोल, लालबोझी र पुलियापुर टोलमा बाढी पसेको छ।

उता, दार्चुलामा गत भदौ २४ गते वर्षासँगै पहिरोबाट क्षतविक्षत भएका महाकाली नगरपालिका र नौगाड गाउँपालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न माग गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले यी दुई पालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न स्थानीयले माग गरेको प्रजिअ दीर्घराज उपाध्यायले बताए ।

वर्षाका कारण महाकाली र नौगाडमा ठूलो धनजनको क्षति भएको थियो । विपद् व्यवस्थापन समितिले मानवीय क्षति तथा भौतिक क्षतिको विवरण गृह मन्त्रालय, सुदूरपश्चिम प्रदेश र सङ्घीय सरकारलाई पठाइएको नौगाडका अध्यक्ष दलजीतसिंह धामीले बताउनुभयो । बाढीपहिरामा परी दार्चुलामा पाँचजनाको मृत्यु भएको थियो, भने १० जना बेपत्ता छन् । -राससको सहयोगमा

## चोलेन्द्रलाई ...

कुमारी खड्का अब निलम्बित प्रधानन्यायाधीश जबरा पनि अदालत फर्किने सम्भावना नभएको सत्तारुढ गठबन्धनमा रहेका दलका सांसदहरुले बताउँछिन् ।

'अब निलम्बित प्रधानन्यायाधीश जबरा पनि अदालत फर्किने सम्भावना छैन् । उहाँमाथि लागेका अभियोगमाथि नयाँ संसदिले थप छलफल गर्नेछ' नेकपा एकीकृत समाजवादीकी सांसद कल्याणी कुमारी खड्काले भनिन् ।

संविधानविद्हरुका अनुसार महाअभियोग दर्ता भएपछि संघीय संसद सचिवालयले पत्र लेखेर संविधानको धारा १०१ अनुसार कामकारबाही गर्न रोक लगाएको थियो । अब फेरि संसदले निलम्बन फुकुवा नगरेसम्म उनी अदालत फर्किन सक्दैनन् । सरकारले संसदको कार्यकाल अन्त्य भई वर्षे अधिवेशन अन्त्य गर्न सिफारिस गरेकाले संसद त्यस्तो चिट्ठी दिने सम्भावना देखिँदैन ।

त्यसो भएमा जबराले कार्यकाल २६ मंसिर २०७९ मा निलम्बनमै रहेर अवकाश पाउने छन् । प्रधानन्यायाधीश जबराविरुद्ध १ फागुन २०७८ मा सत्तारुढ ९८ सांसदले महाअभियोग दर्ता गरेका थिए भने १८ फागुनमा सिफारिस समिति पनि बनेको थियो ।

समितिले जबरासँग बयान लिनुका साथै उनले आरोपित गरेका कानुन व्यवसायीहरुसँग समेत छलफल गरेको थियो । तर, थप छानबिन नगर्दै प्रतिनिधिसभा सदस्यहरुको कार्यकाल सकिने भएपछि समितिले हतार हतार गर्दै प्रतिवेदन बुझाएको हो ।

सिफारिसमा चोलन्द्रले रञ्जन कोइरालाको मुद्दामा कैद घटाएको, दोस्रो प्रतिनिधिसभा विघटनविरुद्ध फैसला गर्ने पाँच न्यायाधीसहरूलाई महाअभियोग लगाइयोस् भनेर दिएको बयान पनि प्रमाणका रूपमा हेरिएको छ। गठबन्धनका सांसदहरूले पर्याप्त आधार र कारणहरू भएको भन्दै चोलेन्द्रलाई महाअभियोग लगाउन सिफारिस गरेका हुन् ।

जबराले मन्त्रिपरिषदमा भागबण्डा खोजेको कुरा बाहिरिएपछि गएको गत दसैंपछि सर्वोच्च अदालतका अरू सबै न्यायायाधीशले उनको इजलास बहिष्कार गरेका थिए। जबराले राजीनामा दिनुपर्ने अडान उनीहरूले राखेका थिए। एकमहिना इजलास बहिष्कार गरेपछि राणाबाट पेसी तोक्ने अधिकार खोसेर उनीहरू इजलास फर्केका थिए । त्यसपछि नेपाल बारले पनि राणाको इजलास बहिष्कार गर्ने निर्णय गरेको थियो । बारले जबराको बहिर्गमन माग गर्दै इजलास बहिष्कार मात्र गरेन तीन महिनासम्म जबराविरूद्ध सर्वोच्च अदालतको मूल गेटमा नाराबाजी सहितको प्रदर्शन गऱ्यो ।

सुरूमा राजीनामा मात्र मागेको बारले पछि उनीमाथि महाअभियोग लगाउन माग गरेर राजनीतिक दल र संसदलाई नै ज्ञापनपत्र बुझाएको थियो। जबराविरुद्ध १ फागुन २०७८ मा ९८ सांसदले महाअभियोग दर्ता गरेका थिए भने १८ फागुनमा सिफारिस समिति पनि बनेको थियो । तर लामो समय संसदले महाअभियोगमाथि छलफल गरेर समितिमा पठाएन । ४ मंसिरको चुनाव घोषणा भइसकेपछि संसदले २२ साउनमा सिफारिस समितिमा पठाएको थियो ।

## ८ बुँदे ...

नसकिएको उल्लेख छ ।

एमाले सांसदहरुले सत्ता गठबन्धन र समामुखले कार्यसम्पादन गर्न समय अभाव हुने गरी समितिलाई ढिलो जिम्मेवारी दिएका कारण जिम्मेवारी पूरा गर्न नसकिएको बताएका छन् ।

'समितिले सभाको कार्यकाल (१ असोज २०७९) भित्रै प्रस्तुत महाअभियोगको सम्बन्धमा निर्णयमा पुग्न सिफारिससहितको प्रतिवेदन तयार गर्न र प्रस्तुत गर्न सकिने अवस्था रहेन' फरक मतमा भनिएको छ । फरक मत राख्ने सांसदहरु प्रतिवेदन बुझाउन सभामुखसमक्ष समेत गएनन् ।

## मलेसियाको...

जरिवानासमेत गरेको थियो । शुरुवातमा आप्रवासी कामदारको तलब तथा सेवा सुविधाको रकम तत्काल भुक्तानी दिन मलेसियाको औधोगिक अदालतले दिएको गुडइयर कम्पनी त्यसका विरूद्ध पुनरावेदनमा गएपनि पीडित आप्रवासी कामदार हरूसँग विभिन्न माध्यमबाट छलफल गरी समस्याको समाधान खोजेको रोयटर्स समाचार संस्थाले जनाएको छ । आप्रवासी कामदारको समस्या समाधान गरेपछि उक्त कम्पनीले आफ्नो कम्पनी मानव अधिकार र अन्तर्राष्ट्रिय श्रम संगठन लगायतका संस्थाले अनुमोदन गरे अनुसार मजदुर अधिकार पालनामा प्रतिवद्ध रहेको बताएको छ ।

## भिजिट...

समाधान नभएपछि आफू नै समस्यामा परेको बताएका छन् ।

उनले भनेका छन्, '२/३ दिनदेखि केहि नखाएको भनेपछि १० दिराम दिएँ, दलालले फँसाएको भन्दै रोएपछि कोठामा आश्रय दिए, तर उसलाई नेपाल फर्काउन नसकेपछि म नै तनावमा परेको छ।' अलपत्र अवस्थामा परेका ती युवा नेपालबाट यूएई गएको १० माहिना भएको र ओभर स्टेको जरिवाना धेरै भएको कारणले थप समस्यामा परेको भन्दै लिम्बूले भनेका छन्, 'समस्यामा परेको नेपालीलाई सहयोग गरी स्वदेश फर्काउन कुनै सस्था भए छिटो भन्दा छिटो पहल गरिदिनुहोला ।' कोरोना भाईरसको संक्रमण कम भएपछि रोजगारीका लागि भिजिट भिसा प्रयोग गरी यूएई पुगेका धेरै नेपाली युवाहरू ओभरस्टे भई धेरै जरीवानामा पर्ने र रोजगारी नहुँदा स्वदेश फर्किने र खाने खर्चको समेत अभावमा पर्ने गरेको बताइन्छ । चाडपर्व र पर्यटन सिजनका कारणले नेपाल आउने जहाज भाडा बढेको र टिकट नपाउने अवस्थाले भिजिट भिसामा गएकाहरूले सास्ती व्यहोर्नुपरेको बताइएको छ ।

## प्रतिनिधिसभा..

पदबाट राजीनामा गरे र २०७६ माघ १२ गते तत्कालीन नेकपाका सांसद अग्नि सापकोटा सभामुख चयन भए । त्यस्तै, पार्टीले कारबाही गरेका आफ्ना १४ सांसदलाई पदमुक्त नगरेको भन्दै एमालेले प्रतिनिधिसभाका सभामुखविरुद्ध ९ महिनासम्म आन्दोलन गऱ्यो ।

२०५७ फागुन २६ गतेदेखि सुरु भएको दिनमा २५ वटा बैठक सबैमा एमालेले अवरोध गरेको थियो । त्यस्तै, अमेरिकाले सत्ता गठबन्धनलाई दबाब बढाएपछि २०७८ फागुन १५ मा एमसीसी प्रतिनिधिसभाबाट बहुमतले पारित भयो । एमसीसीकै कारणले सत्ता गठबन्धनमा दरार आएपछि १२ बुँदे व्याख्यात्मक घोषणामार्फत अनुमोदन गरियो । गत, २०७८ फागुन १ गते न्यायालयलाई भ्रष्टाचारको अखडा बनाएको, मन्त्रिपरिषद्मा भागबण्डा खोजेको जस्ता आरोप लगाउँदै सत्ता गठबन्धनका दलहरूले महाभियोग प्रस्ताव दर्ता भयो । फागुन २९ मा महाभियोग सिफारिस समिति गठन भए पनि ६ महिनासम्म प्रक्रिया अगाडि बढ्नै सकेन । सदनले पुन पारित गरेर पठायो, तर पनि प्रमाणीकरण हुन सकेन । प्रतिनिधिसभाको पाँच वर्षे कार्यकाल काममा भन्दा बढी आलोचना र सत्ताको फेरबदलमा मात्रै बितेको छ। जसले गर्दा सदनबाट उल्लेखनीय काम हुनैसकेन ।


# MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: KAIZEN MOULD TECHNOLOGY SDN.BHD. शहर: Malaysia,SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०५/३१ चलानी नं.: ६०१८७८१५ LT. No.: 272104

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957


# Shikhar Municipality
## Office of the Municipal Executive
## Invitation for Online Bid

(Notice No: 03/079/080)

Date of First Publication: 2079-06-02 (18th Sep, 2022)

1. Shikhar Municipality, Doti, invites bids from eligible bidders for following works:

| S.N | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Estimated Cost (NRs.) | Bid Security Amount (NRs.) | Fee for Bid Document(NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 03-079/080/NCB/ SMDOTI | Supply and Delivery of medicine and surgical items | 90 days | 3448278.00 | 86000.00 | 3000 |

2. Purchase, Submission and Opening :

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 17/10/2022 | 17:00 | 18/10/2022 | 12:00 | 18/10/2022 | 14:00 | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |

3. Revenue Details :

| Account holder's Name | Bank Name and Address | Office Code | Account Number | Revenue Heading No. |
|---|---|---|---|---|
| Shikhar Municipality Office, Talkot, Doti | Everest Bank Ltd, Shikhar,Doti | 801077102 | 06600106200001 | 06600106200001 |

4. Bid Security Details :

| Account Holder's | Name Bank Name and Address | Office Code | Account Number |
|---|---|---|---|
| Shikhar Municipality Office, Talkot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 801077102 | 06600106200002 |

5. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. Forfurther information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Shikhar Municipality, Doti.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 (First Amendment, 2073) and PublicProcurement Regulation 2064 (9th Amendment, 2076) and other prevailing rules and regulation of Nepal.


FREE VISA! FREE TICKET ! FREE RECRUITMENT !
# "ZERO COST"
SHORT TERM (2 MONTHS EXTENDABLE) EMPLOYMENT OPPORTUNITY IN QATAR !

(शून्य लागत अन्तर्गत कतारमा छोटो अवधि (२ महिना थप्न सकिने)का लागि रोजगारीको अवसर)

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !

रोजगारदाता कम्पनी: अल श्रेया सेक्युरीटि सर्भिसेज (फिफा वर्ल्ड कप ओरकर्स)
Employer Company : AL SRAIYA SECURITY SERVICES (FIFA WORLD CUP WORKERS)

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मिति: २०७९/०६/०१ | चलानी नं: ६०१८७८२४ | एल टि नं : २७१८५० |
| Pre Approval Date: 17/09/2022 | Invoice No.: 60187824 | LT No.: 271850 |

| सि.नं S.N. | कामदार को पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | निम्नतम योग्यता Minimun Qualification | मासिक तलब Monthly Salary कतार रियाल QAR | मासिक तलब ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in read-ing, writing and speaking English | 2000 | ६९,२४० | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छ Yes | | २ महिना थप्न सकिने 2 month extend-able |

Age should be between 22 to 40 year old. (उमेरको हकमा २२ देखि ४० वर्ष हुनुपर्ने ।)

| स्वदेशमा बनाउने पासपोटको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

AL SRAIYA SECURITY SERVICES (FIFA WORLD CUP WORKERS) does not impose any Recruitment/Placement Fee For this Employment
(अल श्रेया सेक्युरीटि सर्भिसेज (फिफा वर्ल्ड कप ओरकर्स))ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)

- Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.
(आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- We will not discriminate Workers or potential workers in any way.
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाव गर्ने छैनौं ।)
- No one is allowed to take or give away gifts or bribes from suppliers and customers.
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईको गोप्नीयता सुनिष्चित राख्ने छौं ।)

Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.
(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)

Final Interview is going to conduct on 25 Sept. 2022 in office premises.
(फाइनल अन्तर्वार्ता मिति २०७९ असोज ९ गते यस कार्यालय परिसरमा हुनेछ ।)

We declear that "ROYAL OVERSEAS NEPAL PVT. LTD." don't have branch and agent.
(रोयल ओभरसिज नेपाल प्रा.लि.को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं।)

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

ROYAL OVERSEAS NEPAL
Human Resource & Management Consultancy Services
Government Approved License No. 166/056/057
रोयल ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४४२११५६/४४३२२४४



# कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: TEYSEER SECURITY SERVICES CO.WLL (FIFA WORLD CUP WORKERS) शहर:DOHA
पूर्व स्वीकृत मिति: २०७९/०६/०१ चलानी नं.: ६०१८७८२५ LT. No.: 271873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | security gurad | 225 | 0 | स. काममा दक्ष | 1500 | ५२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ महिना |

२. कम्पनी: PROFESSIONAL SECURITY SERVICES CO शहर:DOHA
पूर्व स्वीकृत मिति: २०७९/०६/०१ चलानी नं.: ६०१८७८२६ LT. No.: 272066

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | security gurad | 25 | 10 | स. काममा दक्ष | 1500 | ५२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ महिना |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १० गते (26 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

प्रुडेन्सियल ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८००/०६५/०६६
तिनकुने, काठमाडौं, नेपाल, Tel:- 01-5104525
Mob.: 9802002035, 9802002016, 9802002035, 9802090520



# साउदीमा रोजगारको अवसर |

१. कम्पनी : JUBAIL METAL INDUSTRIES FACTORY COMPANY शहर : SAUDI
पुर्व स्वीकृत मिति: २०७९/०६/०१ चलानी नं.: ६०१८७८२३ LT. No.: 272113

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Surface Cleaning Agent | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Store Worker | 4 | 0 | | 1000 | ३३,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १० गते (26 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

एस.एल.डी ईन्टरनेशनल प्रा.लि.
श्रम इजाजत नं. ६७२/०६३/६४
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२३, ९०२८२४, ९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८

# सहुलियतको खाद्यान्न पाएपछि स्थानीय खुशी

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १ असोज

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय दैलेखले सहुलियतको चामल दिएपछि स्थानीय खुशी भएका छन् ।

चाडपर्व लक्षित गरेर सहुलियत मूल्यमा उपभोक्तालाई चामल बिक्री गर्न शुरु गरेपछि चामल लिनेको घुइँचो लागेको हो । खाद्य संस्थानले शनिबारदेखि सहुलियतको चामल दिएपछि ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने विपन्न समुदायलाई ठूलो राहत मिलेको नारायण नगरपालिका वडा नं -१ का लालबहादुर गुरुङ बताउँछन् ।

सहुलियतको चामल लिन दैलेख सदरमुकाम नारायण नगरपालिका, नौमुले गाउँपालिका, भगवतीमाई गाउँपालिका, दुल्लु नगरपालिका, भैरवी गाउँपालिका महाबु गाउँपालिकाबाट मानिसहरु आउन थालेका छन् ।

शनिबार पहिलो दिनमा दैलेखमा २० क्विन्टल चामल बिक्री भएको



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दैलेखका शाखा प्रमुख रबिन रेग्मीले मध्यान्हलाई बताए । असोज १ गतेदेखि दशैं, तिहार र छठलाई लक्षित गर्दै बिक्री शुरु गरिएको चामल कात्तिक १५ गतेसम्म छुटमा बिक्री हुने उनले बताए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट सहुलियत छुट मूल्यमा चामल पाउँदा केही राहात मिलेको जिल्ला समन्वय कार्यालय दैलेख प्रमुख नवराज शाहीले बताए । कतिपय अवस्थामा चामलको दुरुपयोग हुन सक्ने भएकोले त्यसतर्फ सजग रहनुपर्ने र व्यापारीले बिक्री गर्न सक्ने तर्फ चनाखो रहनुपर्ने उनले बताएका छन् ।

कार्यालयले सोना मन्सुली, बासमती र स्टिम जिरा मसिनो चामल सहुलियत मूल्यमा बिक्री गरेपछि स्थानियलाई सहज हुने प्रमुख शाहीले बताए । खाद्य संस्थानले नागरिकताको आधारमा २ बोरा सम्म चामल दिने गरेको उनको भनाइ छ । कसैले खाद्यन्न घोटला गरेको पाएमा कडा कारबाही हुने समेत उनले जानकारी दिए ।

कम्पनीले २५ किलोको स्टिम जिरा मसिनो चामल प्रतिबोरा १ हजार ७ सयमा बिक्री गरिरहेको थियो । अहिले १ हजार ५ सय २५ रुपैयाँमा उक्त चामल बिक्री गरिहेको छ । त्यस्तै १ हजार ४ सय १० पर्ने अरुवा मोटो चामल १ हजार २ सय ७ रुपैयाँमा बिक्री भइरहेको छ भने दाल मसुरो १ सय ६० रुपौयँ बिक्रि भएको अहिले १ सय ५३ रुपैयाँमा बिक्री भइरहेको छ भने मास १ सय ४५ पहिले बिक्री गरिरहेको अहिले १ सय ३८ रुपैयाँ बिक्रि भएको छ । अहिले प्रत्येक दिन बिहान १० बजेदेखि ३ बजेसम्म मात्र चामल बिक्री गर्न थालिएको छ ।

# नवनिर्वाचित पदाधिकारीद्वारा शपथ ग्रहण

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १ असोज

महेन्द्र पुस्तकालयको नवनिर्वाचित पदाधिकारीको पदस्थापन सम्पन्न भएको छ ।

पुस्तकालयको भदौ २८ र २९ गते सम्पन्न १७ औं अधिवेशनबाट बलराम यादवको अध्यक्षतामा निर्वाचित कार्यसमितिलाई शनिबार निर्वाचन समितिले पदस्थापन गराएको हो । निर्वाचन समितिले आयोजना गरेको प्रमाणपत्र वितरण, शपथ ग्रहण तथा बधाई ज्ञापन कार्यक्रममाबीच निर्वाचन समितिका संयोजक अधिवक्ता लोकबहादुर शाहले कार्यसमितिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउँदै प्रमाण-पत्र प्रदान गरेका थिए । साथै सदस्य पूर्णलाल चुकेले निर्वाचितहरुलाई फूलमाला लगाइदिएका थिए ।

शाहको अध्यक्षतामा सम्पन्न पदस्थापन कार्यक्रममा उपाध्यक्षमा पंकज श्रेष्ठ, सचिव मणी अर्याल, सहसचिव ऋचा लुईंटेल, कोषध्यक्ष अजयकुमार टण्डन र सदस्यहरुले पथ तथा गोपनीयतको शपथ लिएका थिए । पुस्तकालयका सदस्यहरुमा मीना सुवेदी ढकाल, ब्रिजेशबहादुर सिंह, सुनिल भण्डारी, जमिल अहमद सिद्धकी, अस्मिता शाह महतारा र वीरेन्द्र जैसी रहेका छन् । पदस्थापन कार्यक्रममा बोल्दै वरिष्ठ साहित्यकार एवं पुस्तकालयका पूर्वसचिव सनत रेग्मीले अब पुस्तकालयलाई सुधार गरेर लैजान नयाँ कार्यसमितिलाई आग्रह गरे ।

अढाई दशकसम्म अलपत्र परेको पुस्तकालयलाई नयाँ कार्यसमितिले नयाँ दिशा दिने विश्वास उनले व्यक्त गरे । पुस्तकालयमा पाठकहरुको आवागमन सुचारु, नयाँ भवन निर्माण र पठन संस्कृतिको विकास मुख्य कार्यभार रहेको उनले स्मरण गराए । यसैगरी नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हरि तिमिल्सेनाले पुस्तकालयलाई नयाँ स्वरुप दिन दत्तचित्त भएर लाग्न नवनिर्वाचित कार्यसमितिलाई आग्रह गरे ।

**भूल सुधार**

मिति २०७९/०५/२९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित UAE को कम्पनी HEMAYA SECURITY SERVICES LLC को लागि रोजगार शिर्षकको, चलानी नं.: ६०१६६९०१ र L.T. No.: 250104 को पून विज्ञापनमा अन्तर्वार्ता स्थान Auricle Events चक्रपथ, काठमाडौं र मिति २०७९ असोज ८ र ९ गते (24 & 25 Sept. 2022) पनि हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

STARIS HR SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना ।**

(दोस्रो पटक प्रकाशित मिति २०७९/०६/०२)

यस कम्पनीको मिती २०७९/०३/०७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **एल.जि. मल्टिपल ट्रेनिङ सेन्टर प्रा. लि.** को नाम परिवर्तन गरि **युनिभर्सल ओरियन्टेसन सेन्टर प्रा. लि.** बनाउने र कम्पनीको चल अचल सम्पति ऋण, धन र दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने निर्णय गरी नाम परिवर्तन गर्ने स्विकृति पाउँ भनि नाम परिवर्तनको अभिलेख राख्न निवेदन गरिएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयले नाम परिवर्तन गरी **युनिभर्सल ओरियन्टेसन सेन्टर** (प्रा. लि. नं. ९१९१२) भएको व्यहोरा सम्बधित सबैमा जानकारी गराईन्छ ।

# कतारमा मनाइयो बीपी जयन्ती

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १ असोज

नेपाली जनसम्पर्क समिति कतारले नेपाली राजनीतिका मूर्धन्य स्रष्टा जननायक विश्वेश्वरप्रसाद कोइरालाको १०९ औं जन्म जयन्ती विविध कार्यक्रमसहित भव्य रूपमा मनाएको छ । जन्म जयन्ती सहित साहित्यिक रचना वाचन, शुभकामना आदान प्रदान एवं सम्मान कार्यक्रम गर्दै मनाएको हो । समिति कतारका सभापति अजिज अलीको सभापतित्व तथा समिति कतारका संस्थापक सभापति एवं नेपाली कांग्रेसका महासमिति सदस्य नरेन्द्र भाटको प्रमुख आतिथ्यतामा जयन्ती कार्यक्रम सम्पन्न भएको हो ।

**रचना वाचन**

जयन्तीका अवसरमा अनेसास कतार, नवोदित साहित्यिक वाचनालय तथा सन्ध्या ग्रुप अलखोरका साहित्यकारहरूले आफ्ना सिर्जना वाचन गरेका थिए । सोम थापाले सहजीकरण गरेको रचना वाचन अन्तर्गत बिन्दा लामा, सानु थपलिया, तेजी लाल मण्डल, देवेन्द्र खतिवडा, खेमराज सुवेदी,



शाकिर अलि, नारायण भण्डारी, प्रकाश पाठक योगी, विमल सुबेदी, दीप मीलन, तिलु शर्मा पौडेल, मणि पौडेल, दिलीप पराजुली, शेखर बस्नेत, गणेश क्षेत्री, अर्जुन पौडेल, माया केसी, निरन नेपाल, सिताराम थापा तीर्थ सङ्गम राईले आफ्ना सिर्जना वाचन गरेका थिए ।

**सम्मान कार्यक्रम**

समितिले गैर आवासीय नेपाली संघ एनसीसी र आइसिसीका विभिन्न पदमा निर्वाचित कार्यसमिति सदस्य तथा पदाधिकारीहरूलाई सम्मान गरेको थियो । स्वागत नृत्य पेस गर्ने सन्ध्या अर्याल, साङ्गीतिक प्रस्तुति दिने क्रिजल पन्थी, जिया हमाल र कृष्ण दर्लामीलाई पनि सम्मान गरेको थियो । रचना वाचन गर्ने सबै साहित्यकारसहित समन्वयकारी संस्था अनेसास र नवोदित साहित्यिक वाचनालय कतारलाई पनि पारिश्रमिक सहित सम्मान गरिएको थियो ।

ब्यानर उद्घाटन, दीप प्रज्वलन राष्ट्रिय गानसहित औपचारिक रूपमा सुचारु गरिएको कार्यक्रममा कार्यक्रमका संयोजक तथा उपसभापति ठाकुर कुमार परियारले स्वागत मन्तव्यसहित कार्यक्रमको बारेमा प्रस्ट पारेका थिए । महामन्त्री केदार भुसालले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति अलीले कार्यक्रम व्यवस्थापनमा खट्ने तथा उपस्थिति सम्पूर्णलाई कार्यक्रम सफलताको श्रेय दिँदै कृतज्ञता प्रकट गरेका थिए ।

कार्यक्रममा संस्थापक प्रमुख सल्लाहकार एवं पूर्व महासमिति सदस्य बद्री पाण्डे, संस्थापक महामन्त्री एवं महासमिति सदस्य विमल सुबेदी, महाधिवेशन प्रतिनिधिहरू क्रान्ति सिंह, शङ्कर न्यौपाने , प्रवीण गुरुङ र राज रेग्मी, पूर्व महाधिवेशन प्रतिनिधि, संस्थापक एवं सल्लाहकार, पूर्व पदाधिकारीको विशिष्ट आतिथ्यता रहेको थियो ।

कतारमा रहेका वैचारिक सङ्गठनका प्रमुख, एनआरएनए आइसिसी, एनसिसी लगायत दोहामा स्थापित सम्पूर्ण विद्याका संघ संस्था प्रमुख तथा प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकार इकाई तथा विभागहरू र आस्थावानहरूको बाक्लो उपस्थिति रहेको थियो ।

कर्णाली प्रदेशसभाः

## ५ वर्षमा ५३ कानून निर्माण



**कर्णाली/मस-** कर्णाली प्रदेशसभाले पाँच वर्षमा ५३ कानून निर्माण गरेको छ । स्थापनाकाल यता प्रदेशसभाले निर्माण गरेका ती विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण गरिएको थियो । विसं २०७४ माघ २१ गते प्रदेश राजधानी सुर्खेत वीरेन्द्रनगरमा बसेको कर्णाली प्रदेशसभाको पहिलो बैठकदेखि दशौं अधिवेशनको उनान्तीसौं बैठकसम्म पारित भएका ५३ विधेयक कानूनका रुपमा प्रमाणीकरण गरिएका हुन् । स्थापनाकाल यता प्रदेशसभामा दर्ता ८३ विधेयक दर्ता भएका थिए ।

'प्रदेशसभामा ८३ विधेयक दर्ता भए पनि अध्यादेश, फिर्ता विधेयक र निष्क्रिय विधेयकको लगत कट्टी गर्दा विधेयक ६४ पुगेका थिए', सचिवालयका सचिव जीवराज बुढाथोकीले भने, 'यसमा ११ विधेयकबाहेक अरु सबै प्रदेश प्रमुखबाट प्रमाणीकरण भएर कानून बनिसकेका छन् ।' उनका अनुसार दर्ता भएका विधेयकमध्ये तीन निस्क्रिय र आठ अध्यादेश फिर्ता भएका थिए ।

त्यसैगरी सभाबाट निर्णय भई छलफलका लागि विषयगत समितिमा पठाइएका विधेयकको संख्या छ, प्रदेशसभामा दर्ता भई टेबुल हुन बाँकी रहेका विधेयकको संख्या चार, टेबुल भई कारबाहीको प्रक्रियामा रहेको विधेयकको संख्या एक र सभाबाट स्वीकृत भएका अध्यादेशको संख्या आठ रहेको उनले बताए ।

**Dolpo Buddha Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Dho, Dolpa**
**Karnali Province, Nepal**

**Invitation For Electronics Bids**

**Date of publication: 18-09-2022 (2079-06-02)**

1. *Dolpo Buddha Rural Municipality* invites electronic bids from Nepalese eligible bidders for the construction of following **mentioned on table below** under National Competitive Bidding procedures.

| SN | Description of Works | Contract ID | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Sebuk to Penla Road Construction | DBRM/DOLPA/WORKS/NCB/01-079/080 | NRS.1,28,19,442.45/- | NRS.3,21,000/- | Bidding Document Fee NRs 3,000/- |
| 2 | Tinje One House One Tap Water Supply Construction | DBRM/DOLPA/WORKS/NCB/02-079/080 | NRS.1,70,45,360.08/- | NRS.4,26,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Dolpo Buddha Rural Municipality, Dho, Dolpa, Karnali Province, Nepal*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.. Bidders, submitting their bid electronically, should deposit the cost NRs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: **Rastriya Banijya Bank Ltd.** Office Account no.: **4540100301010002**
Name of Office: **Dolpo Buddha Rural Municipality,Dolpa** Rajaswa (revenue) Shirshak no.: **14229**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 18-10-2022(2079-07-01). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 18-10-2022(2079-07-01) 14:00 at the office of Dolpo Buddha Rural Municipality, Dolpa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format. Bidder who choose to deposit cash as bid security account is mentioned below:
Name of the Bank : **Rastriya Banijya Bank Ltd.** Office Account no.: **4540100303000002**
Name of Office : **Dolpo Buddha Rural Municipality, Dolpa**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**साउदीमा रोजगार |** कम्पनीः **SEHAT AL SUWEDI MEDICAL COMPANY**
शहरः Riyadh

पुर्व स्वीकृत मितिः २०७९/०६/०१ चलानी नं.: ६०१८७८२३ LT. No.: 271859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NURSING TECHNICIAN | 0 | 17 | स. काममा दक्ष | 3000 | १,०१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १० गते (26 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081 , Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**मलेसियामा रोजगार |** कम्पनीः **L.H. LABEL (M) SDN. BHD.**
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०५/३१ चलानी नं.: ६०१८७८२० L.T. No.: 272007

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।
**Supa Deurali Human Resource Pvt. Ltd.**
SDHR
Gov. Lic No. 1473/074/075
Samakhusi -26, Maipi, Kathmandu, Nepal
Tel: +977- 1- 4387429, Mob.: 9851175030, 9867005767, 9857840330
Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com

**मलेसियामा रोजगार |** कम्पनीः **EC EXCEL WIRE SDN BHD**
शहरः Malaysia,PAHANG

पूर्व स्वीकृत मितिः २०७९/०५/३१ चलानी नं.: ६०१८७८२२ LT. No.: 272101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Work | 80 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।
**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनीः **OCEANIC AQUACULTURE VENTURE SDN BHD** शहरः**MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७९/०५/३१ चलानी नं.: ६०१८७८२१ LT. No.: 272041

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १० गते (26 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।
Lic. No.: 1043/073/74
DD Human Resource Private Limited
DD Human Resource Pvt. Ltd.
**डि.डि ह्युमन रिसोर्स प्रा. लि.**
सम्भुमार्ग रोड नं.१, एयरपोर्ट काठमाडौं, Phone : 01- 5901569
Mob.: 9801169222, 9801133334, 9801133336
E-mail : info@ddimnepal.com, doc@ddimnepal.com / Web.: www.ddimnepal.com

यसै कम्पनीको लागीः Documentation- 2(M/F), Receptionist- 1(M/F), PRO- 1(M/F), Office secretary- 1(M/F) आवश्यकता रहेकोले योग्य व्यक्तिले सम्पर्क गर्नुहोला ।
Salary: negotiable Cv: info@ddimnepal.com , Mobile no. 9801133334

मध्यान्ह
www.madhyanhadaily.com
२ असोज २०७९, आइतबार
18 September 2022, Sunday

## सम्पादकीय

# धर्मराएको कार्यकाल

शनिबार प्रतिनिधिसभाको अन्तिम बैठक बसेको छ । २०७४ मंसिर १० र २१ गते सम्पन्न चुनावबाट निर्वाचित प्रतिनिधिसभाको शनिबार अन्तिम बैठक बसेपछि कार्यकाल सकिएको छ । अब आगामी मंसिर ४ मा हुने आमनिर्वाचन पछि अर्को प्रतिनिधिसभा गठन हुनेछ, र थप पाँच वर्ष संसद चल्नेछ । संविधानले पाँच वर्ष कार्यकाल हुने व्यवस्था गरेकाले प्रतिनिधिसभाको आगामी कार्यकालबारे त्यसैअनुसार कल्पना गर्नु स्वभाविक हुन्छ । तर बितेको पाँच वर्षको अनुभवले भने आगामी प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष नै हुनेछ भन्ने ठोकुवा गर्न सकिदैन । किनकि २०७२ को संविधान पछि पहिलोपटक गठित प्रतिनिधिसभाले नै झण्डै पाँच वर्षे अवधि पूरा गर्न पाएको थिएन । स्थीर सरकारको नेतृत्व गर्ने जनादेश पाएका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुईदुई पटक प्रतिनिधिसभाको असंवैधानिक विघटन गर्ने निर्णय गरेका थिए ।

दुवैपटक सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुनर्स्थापना भएकाले मात्रै पाँच वर्ष चल्न पायो । यदि विघटनको निर्णय सदर हुन्थ्यो भने ४० महिना मात्रै प्रतिनिधिसभा चलेको नजीर बन्ने थियो । यसरी राजनीतिक अस्थिरता निम्त्याउनेगरी ओलीले निर्णय लिनुमा भने राजनीतिक स्वार्थ मुख्य कारण थियो । ओली सरकारमा एक्लौटी गर्न चाहन्थे भने तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल त्यसरी चल्न दिने पक्षमा थिएनन् । नेकपाको अन्तरकलहकै कारण प्रतिनिधिसभा झण्डै अकालमा मर्नु परेको थियो । तर राजनीतिक स्वार्थबाट संविधानमाथिको हमला निस्तेज भयो ।

अब आगामी चुनावपछि नयाँ जनादेश आउनेछ । तर त्यसले बिगतको नजीरबारे भने सचेत रहन आवश्यक छ । संभवतः जनताले यो पाँच वर्षे प्रतिनिधिसभाको कार्यकालबारे उचित निर्णय लिनेछन् । फेरि दोहोरिन हुने र नहुने शक्तिको छनोट पनि गर्नेछन् । जनताका आधारभूत समस्या हल गर्दै संविधान प्रदत्त अधिकार स्थापित गराउन लागिपर्ने व्यक्तिलाई फेरि पनि उचित पुरस्कार दिनेछन् भने दण्डित गर्नुपर्ने व्यक्तिको पहिचानमा समेत पछि पर्नेछैनन् । त्यो नागरिकका कुरा भए, यो कार्यकालमा बिथोलिन खोजेको राज्यको शक्ति सन्तुलन कायम गर्दै मुलुकलाई अगाडि बढाउन आगामी चुनाव एक महत्पपूर्ण अवसर हुनेछन् । राजनीतिक स्थीरता मार्फत् संविधान, व्यवस्था र नागरिक हक स्थापित गराउन सक्ने व्यक्तिको चयन मार्फत यो कार्यकालमा धर्मराउन पुगेको संसद थप बलियो बनाउने सन्देश सरोकारवाला पक्षले राम्रोसँग बुझ्नेछन्, बुझ्नुपर्नेछ ।

# कमजोर पूर्वाधार कहिलेसम्म ?

*देशैभर सवारी पार्किङ्गको असुविधा छ, पुराना र थोत्रा गाडीहरूको प्रदूषणबाट नेपाली जनजीवन उच्च जोखिममा छ । यात्रु र मालवाहक दुवै सवारी साधनको वैज्ञानिक भाडादर र तेस्रो पक्ष बीमा, सवारी प्रदूषण मापदण्ड, सवारी साधन जाँच पास कार्य व्यवस्थित छैन ।*

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सडक यातायात विकासका पूर्वाधार हुन् । गुणस्तरीय खानेपानी, शिक्षा, स्वास्थ्य, आवासबिना देशको समृद्धि सम्भव हुन्न । नेपालले भौतिक पूर्वाधारमा ठूलो लगानी गरेको भने पनि हालसम्मको प्रगति सन्तोषजनक छैन । बाटाघाटाहरु गलेका छन्, बाढी, पहिरो प्राकृतिक प्रकोप, भूकम्पबाट भएको धन जनको क्षतिले हामीलाई गहिरो चोट लागेको छ । पहाडी र दूर्गम बस्तीमा विद्युतीकरण, यातायात, ढुवानीको समस्या झन् जटिल छ । सवारी यातायातबाट विगतमा धेरै धन जनको क्षति भएको तीतो अनुभव छ हामीसँग ।

छिमेकी देश भारत र अन्य देशहरुको पूर्वाधार विकास रहरलाग्दो छ । हवाई, रेलमार्ग, जल यातायात, मास र्‍यापिट ट्रान्सपोर्टेशन, एमआरटिले देशभित्र बाहिरको आवागमनमा तीव्रता देखिएको छ । भनौं विश्व साँघुरिएको अवस्था छ । विज्ञानको यो चमत्कारमा हामी धेरै पछाडि छौं, भएका सवारी साधन पनि राम्रो नचलेका, प्रदूषित भएका र ज्यादा दूर्घटनाहरु हुने गरेका छन् । कच्ची, भिरालो र कमलो माटो अनि शिकारु सवारी चालक, पुराना सवारी साधन हाम्रो दूर्भाग्य बनेको छ । भौगोलिक आबद्धता कायम गर्न, कृषि तथा उद्योग व्यवसायको विकास गर्न, दिगो र उच्च आर्थिक विकास गर्न सडक र यातायात क्षेत्रको भूमिका अहम् हुन्छ । सरकारका प्रतिबद्धता धेरै छन्, विकासको पुर्वाधारको रूपमा रहेको सडक तथा यातायात सन्जाललाई राष्ट्रिय र अन्तर्राष्ट्रिय आबद्धता, क्षेत्रीय सन्तुलनसमेतको आधारमा यथेष्ट विकास गर्ने प्रण, छिमेकी देशसँग व्यापार सहजीकरण, लगानी प्रवर्द्धन र पर्यटन विकासका लागि आवद्धता बढाउन हरेक प्रदेशमा कम्तीमा २ राष्ट्रिय राजमार्ग पुग्ने गरी सडक निर्माण गर्ने प्रतिबद्धता व्यक्त भएको छ ।




पूर्व-पश्चिम राजमार्गलाई डेडिकेटेड ४ लेनको सुरक्षित र गतियुक्त सडकको रूपमा विस्तार गर्न बुटवल-नारायणगढ खण्ड र कमला-कन्चनपुर खण्डको निर्माणलाई तीव्रता दिने, पूर्व, मध्य र पश्चिम तर्फबाट निर्माण कार्य शुरु गर्ने, निर्माणाधीन मध्य पहाडी पुष्पलाल राजमार्ग, तराईका हुलाकी राजमार्गको कालोपत्रे गर्ने लक्ष्य लिइएको लामो समय भइसकेको छ । त्यस्तै, उत्तर दक्षिण सीमा जोड्ने छोटो मार्ग रसुवा गल्छी ठोरी मार्ग निर्माणलाई तीव्रता दिने, सोही खण्डको वेत्रावती स्याफ्रुबेसी खण्डमा सुरुड मार्गको सम्भाव्यता अध्ययन गर्ने, मेची, कोशी, कालिगण्डकी कोरिडोरको निर्माणलाई तीव्रता दिने, चुरे र भित्री मधेशका क्षेत्रहरु जेड्ने मदन भण्डारी राजमार्ग निर्माण पूरा गर्ने, डोल्पा र हुम्लासमेत गरी सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सन्जालले जोड्ने कार्यक्रम पनि परेको धेरै भयो । हरेक निर्वाचन क्षेत्रमा एक रणनीतिक सडक निर्माण हुने प्रतिबद्धता पनि बजेट वक्तव्यहरुमा समेटिएका विषय हुन् ।

कान्तिपथको निर्माण पूरा गर्ने, सूर्यविनायक धुलिखेल खण्डको स्तरोन्नति, तीनकुने कोटेश्वर जडीबुटी सुरुडः मार्ग, नयाँ बानेश्वरमा अण्डरपास, त्रिपुरेश्वरमाइतीघर ओभरहेड वृजको सम्भाव्यता,काठमाडौंको चक्रपथ सडक विस्तार,नागढुँगा नौवीसे सडक खण्डको सुरुडः सहित सडक निर्माण कार्य, सिद्धार्थ राजमार्गको बुटवल पाल्पा सडकको सिद्धबाबा खण्डमा सुरुडःमार्ग निर्माण, टोखा छहरे गुर्जेभज्याङ्ग, खुर्कोट चियाबारी, विपि नगर खुटिया दिपायलखण्ड, थानकोट चित्लाँग, लामाबगर उत्तरी सीमासडकमा सुरुडः मार्गको सम्भाव्यता अध्ययन, देवघाट चतरा रामायण सर्किटअन्तर्गतको निर्माणाधीन सडकको निरन्तरता, निर्माणाधीन महाकाली नदीमा ४ लेनको मोटरेवल पुलनिर्माण, पर्यटकीय सम्भाव्यस्थल, महत्वपुर्ण स्थानहरु आसपास राजमार्गका १० आधुनिक विशेष पुलहरुको अध्ययन सम्पन्न गर्ने पनि सरकारी अठोट हो ।

विद्युतीय रेलमार्गको सम्भाव्यता भइसकेको पुर्वी खण्ड काँकडभित्ताबाट निर्माण शुरु हुने त्यसपछि मध्य खण्ड र सुदुर पश्चिम खण्डबाट पनि कार्य आरम्भ हुने,राजधानी काठमाडौंलाई भारत र चीन दुवै तर्फ रेलमार्गले जोड्ने बीरगन्ज काठमाडौं, रसुवागढी काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन, दक्षिण सीमा नाकाबाट पुर्व पश्चिम विद्युतीय रेलमार्गको इटहरि निजगढ बुटवल र कोहलपुरजोड्ने रेल वे लाइनको निर्माण शुरु, जयनगर विजलपुरा र भारतको बथनाहादेखि यता बिराटनगरसम्मको रेलमार्ग निर्माण सम्पन्न गर्ने सरकारी प्रतिवद्धता बाहिर आएको हो । नारायणी र कोशी नदीमा जल यातायातको पुर्वाधार विकास गर्ने, राष्ट्रिय राजमार्ग एवम् द्रुत मार्गका दुरीहरुमा विश्रामस्थलको व्यवस्था,सडक किनारामा माटोरहित अवस्था राजधानी प्रवेश गर्नु पुर्व सवारी साधन सफागर्ने प्रावधान र सम्भाव्यताको

> *मुलुकका ७७ जिल्लामध्ये डोल्पाको दुनै र हुम्लाको सिमिकोटमा सवारी सुविधा अझै राम्ररी पुग्न सकेको छैन । धेरै ठूलो प्रयास र प्रतीच्छापछि जाजरकोटबाट डोल्पाको दुनैसम्म राष्ट्रिय सञ्जालले जोड्नसम्म सकिएको छ । तर, व्यवस्थित भनिएको राजधानी पनि सार्वजनिक यातायातबाट सुरक्षित छैन । दुई चार घण्टाको वर्षाबाट राजधानीको सडक ट्राफिक अवस्था अस्तव्यस्त हुने गरेको छ ।*

आधारमा राजमार्गका कुनै खण्डमा आपत्कालीन हवाइ अवतरण जस्ता स्वर्णीम कल्पना पनि सरकारले गरेको हो, यहाँसम्म कि पानी जहाजको कार्यालय खोली करोडौंको सवारी साधनको प्रयोग पनि भएकै हो ।

स्थानीय स्तरका उत्पादन र उत्पादकत्व बढाई जनतालाई अत्यावश्यक खाद्यान्न उपलब्धताको अवसर दिलाउन, हाल भइरहेको आहार प्रणालीमा परिवतन गर्ने गराउने बानी बसाल्न, खाद्यान्न परनिर्भरता घटाउन पनि सडक यातायातको अहम् भूमिका हुन्छ । नेपालमा सडक यातायातको इतिहास लामो छैन । काठमाडौं-हेटौंडा जोड्ने त्रिभुवन राजपथको निर्माणपछि काठमाडौंमा सवारी साधनले ठाउँ पाएको हो । मुलुकका ७७ जिल्लामध्ये डोल्पाको दुनै र हुम्लाको सिमिकोटमा सवारी सुविधा अझै राम्ररी पुग्न सकेको छैन । धेरै ठूलो प्रयास र प्रतीच्छापछि जाजरकोटबाट डोल्पाको दुनैसम्म राष्ट्रिय सञ्जालले जोड्नसम्म सकिएको छ । तर, व्यवस्थित भनिएको राजधानी पनि सार्वजनिक यातायातबाट सुरक्षित छैन । दुई चार घण्टाको वर्षाबाट राजधानीको सडक ट्राफिक अवस्था अस्तव्यस्त हुने गरेको छ । वर्षा हुनासाथ सडकमा रोपाइँ शुरु हुन्छ, बाटो हराउँछ, ढल जाम हुन्छ, बाटोमै खोला बग्न थाल्छ, हाम्रो विकास असारे र डोजरे भएको छ । ठेकेदारहरु समयमा कार्यसम्पन्न गर्दैनन्, सहजै बिल पास हुन्छ, लागत खर्च बढाउने, म्याद थप गराउने राजनीति मिसाउने गरिएको छ, कतिपय ठेकेदारहरु कालो सूचीमा परेका छन्, काठमाडौंको फोहोर फाल्ने सिसडोल सडकको अबस्था नाजुक छ ।


सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा भइ सक्ने, ७७ मध्ये ७१ जिल्लाका सदरमुकाम कालोपत्रे भइसक्ने भूकम्प प्रभावित सडक संरचना ३५० कि.मि. सडकको पूनर्निर्माण भइसक्ने, सबै पुलहरुको मर्मत सम्भार भइसक्ने थप २०० कि.मि. सडक नयाँ निर्माण गरिसक्ने ६५४ कि.मि. सडकमा डवल लेन निर्माण कार्य सम्पन्न गर्ने, ३ हजार कि.मि. सडकको नियमित मर्मतको लक्ष्यसमेत पूरा हुने अघिल्लो योजनामै भनिएको थियो, अझै धेरै काम अधुरा छन् । सरकारले काठमाडौं तराई जोड्ने रेलमार्ग, मेची महाकाली विद्युतीय रेलमार्ग, काठमाडौं मेट्रो, मोनो रेल, वर्दिवास सिमरा विद्युतीय रेलको सपना पनि बाँडेको थियो । वातावरणमैत्री परिवहन संचालनको अनुभव गर्ने सपना बोकेको धेरै समय भइसकेको छ । विद्युतीय चार्जिङ्ग स्टेशनहरुको उद्घाटन हाल मात्रै केही स्थानमा हुन लागेको देखिन्छ ।

कोटेश्वर कलंकीको सडकमा न पैदलयात्रीको व्यवस्था, न पार्किङ्ग सुविधा, न अपांगमैत्री, न शहरबाट छिर्ने लिंक रोडको प्रवन्ध, न सडक, ट्राफिक बत्तीको प्रवन्ध, १० कि.मि.को दूरीमा जम्मा ३ वटा आकाशे पुल, बाटो पार गर्ने ठाउँ नै छैन । नेपालको सडक मापदण्ड ०७१ अनुसार सडकमा पैदलयात्रीका लागि १:८ मि को हुनुपर्ने कानूनी मान्यता छ । हेर्ने हो भने सडकमा पहिलो अधिकार पैदल यात्रीकै हुन्छ । मूल क्रसिंग रोडमा जेब्रा क्रसिंग हुनुपर्छ । सडक ड्रेन ढकनीमा प्वालै प्वाल छन्, सडकमा अपांग, अशक्त, बुढाबूढी, बिरामी पनि हिँड्नु पर्छ, राजधानमिा सडकपेटीमा पसल थापिन्छन्, बालेनको अभियानलाई धेरैले काम गरि खान नदिइएको भन्दैछन्, पार्किङ्ग स्थल छैन, सडक साँघुरा छन्, लेन क्रस गरेको भन्दै प्रहरीहरुले मोटो रकमको चिट् काट्छन्, सबैलाई पीडा छ । विगतको अध्ययनले देखाएको छ काठमाडौंमा दूर्घटनाको दर ३६ प्रतिशतले बढेको छ । सडक सतह पनि अग्लो होचो छ । काठमाडौंमै रेलमार्गको चर्चा उठाइयो, जहाँ अव्यस्थित बसोबास छ ।

स्मार्ट लाइसेन्स, इम्बोस्ड नम्बर प्लेट भन्दै नेपाली लिपी मासेको, अधिक खर्च गराएको आरोप खेपिरहेको छ सरकारले । थोत्रा पुराना अवधि नाघेका गाडीहरु हटाउने अभियान अधुरो छ, जसले गर्दा प्रदूषण बढेर आम सर्वसाधारण तड्पिइरहेको अवस्था छ भने समयमा सवारी साधनको मर्मत सम्भार नहुँदा प्रदूषण बढेको, दुर्घटना धेरै हुने गरेका छन् । विकसित मुलुकका सहरहरुमा दिन दुई गुना रात चौगुना सडक विस्तार हुने गर्छ । वातानुकुलित सवारी साधन, सुरक्षित, भरपर्दो, सरल, सहज र निश्चित गन्तव्यमा पुग्ने हुन्छ । विश्वका १८० सहरमा अहिले मास ट्रान्जिट एवम् वसऱ्यापिड ट्रान्जिट सेवा सञ्चालनमा छ । वी.आर.टी. एवम् मास ट्रान्जिट सेवामा आफ्नो लेन भित्र गुड्ने सवारीले ट्राफिक लाइट पर्खनु पर्दैन । लगातार तोकिएको गतिमा गुडिरहेको हुन्छ । नेपालमा सार्वजनिक परिवहन वि.सं. २०१६ मा नेपाल यातायात सेवाद्वारा सर्वप्रथम बस सेवा संचालन भए पनि हाल सम्म व्यवस्थित भइसकेको छैन । २०५० पछि काठमाडौंमा ३ पांग्रे टेम्पो भित्रिए । अत्याधिक प्रदूषणका कारण यो विस्थापित भयो र ६०० वटा सफा टेम्पो र माइक्रोबस सेवा संचालनमा आयो । वि.सं. २०६४ मा साझा वस र २०६६ मा ट्रलीवस सेवा संचालन बन्द भएपछि राजधानीबासीले ठूलो दुःख व्यहोर्नु पर्‍यो । वि.सं. २०७० वैशाखदेखि काठमाडौंका केहीरुटमा पुनः साझा वस सेवा सञ्चालनमा आएको हो तर, अपुग छ । साँच्चै भन्नु पर्दा सार्वजनिक परिवहनमा हामी कहाँ सरकारको संलग्नता नै छैन । फलस्वरूप आम सेवा ग्राहीहरुले नाफामुखी निजी क्षेत्रको भरपर्नु परेको छ ।


सार्वजनिक यातायातको आचार संहिता नहुँदा र विद्यमान सिण्डिकेट प्रणालीको कारण आम नेपालीहरु त्रस्त छन्, भरपर्दो अनुगमन छैन । सवारी पार्किङ्गको पूरै असुविधा छ, पुराना र थोत्रा गाडीहरुको प्रदूषणबाट नेपाली जनजीवन उच्च जोखिममा छ । यात्रु र मालवाहक दुवै सवारी साधानको वैज्ञानिक भाडादर र तेस्रो पक्ष बीमा, सवारी प्रदूषण मापदण्ड, सवारी साधन जाँच पास कार्य व्यवस्थित छैन । सवारी दर्ता प्रमाणपत्र वितरण, नवीकरण, चालक अनुमतिपत्र वितरण र नवीकरण सरल र पारदर्शी छैन मुलुकको उत्तरदक्षिण कोरिडर, पूर्व पश्चिम सडक स्तर वृद्धि, मध्य पहाडी मार्ग, उत्तर दक्षिण तराई पहाडको गुणस्तरीय सडक, सदरमुकाम मात्रै नभएर आम व्यापारिक नाकामा परिवहनको राम्रो सुविधा, शीत भण्डारसहितको सवारी सुविधा हुन सके कृषि उपज, अन्य छिटो सड्ने, गल्ने सरसामानको समेत उचित प्रबन्ध हुन सक्नेछ । ट्राफिक जामरहित, सुरक्षित, व्यवस्थित र भरपर्दो सडक यातायातको परिकल्पना अधुरो छ ।

## सामाजिक सञ्जाल




**- तारानाथ दाहाल**

संविधान सभाको बाध्यात्मक स्थितिमा देश पुग्यो । झन्डै संविधान शून्यतामा देश फसेको थियो । आठ वर्ष र दुई चुनाव पछि संविधान आयो । चुनाव भयो । तीन तहको सरकार बने । संघीय र प्रदेशमा सांसद बने । एक अवधि पूरा भयो । तर संस्थाहरू सार्थक भएनन् । देशले थिति बसाल्न सकेन । आशाका किरण धूमिल हुँदैछ ।




**- मनिषलाल चुके**

अब यो पैसा खर्च गरेर जम्मा गरेको भिड देखाएर जनता झुक्याउने दिन गयो जस्तो लाग्छ । आजको दिनमा जनताको चेतनाको स्तर पहिलाभन्दा राम्रै हुँदै गइरहेको छ । अब त अरूलाई दोष दिएर, गफ हाँकेर जनता झुक्याउन गार्हो छ । अब त बिउँझने बेला भएन र अन्धभक्तज्युहरू । अब त माटो छोएर निर्णय गर्नु पर्लानी ।




**- सुर्यराज आचार्य**

चल्तीको राजनीतिको विसंगतिले फैलाएको अँध्यारोबिच काठमाडौं महानगरका मेयर बालेनले सानो टुकीले नै भए पनि समाजमा उज्यालो छर्दैछन् । 'नाङ्गै' भएर पनि अँध्यारोबिच ' भलाद्मी' को दाबी गर्ने धेरैको असलियत सानो टुकीको उज्यालोले देखाउँदै छ । मेयरको नियत/सोच/दृढता स्वागतयोग्य छ ।



**- मानवी पौडेल**

हेल्लो, नेपाल घायल निगम, कतिन्जेल लुट्छौ ? दुई दिन अघि भारतबाट पेट्रोलमा ६ रूपैयाँसहित अन्य इन्धनमा घटेर आएको मूल्यमा समायोजन खै ? इन्धनको मूल्य ६ पटकसम्म घटेर आउँदा पनि मुल्य नघटाउने नालायकहरू अलिकति लाज लाग्दैन ? बढेर आएको केही घण्टामा बृद्धी गरेको जसरी घटेर आउँदा मुल्य घटाउन पर्दैन ?



**- डम्मर खतिवडा**

आजबाट सांसदहरू बिदाबारी भएछन् । ५ वर्ष अघि कम्युनिस्ट गठबन्धन र राजनीतिक स्थिरताको कत्रो धाक धमास थियो । ५० बर्ष खाने दाबी ५ वर्ष नबित्दै धुजाधुजा भएछन् । कोही कांग्रेसतिर टाँसिने, कोही राप्रपाको साहरा टेक्ने-अनि सामन्तवाद र पुँजीवादसँग लडिरहेको गुड्डी हाँक्ने, क्या दामी बामपन्थ ?

# खाद्यप्रति हुनुपर्ने सजगता

**विचार**



● केदार सिटौला

भारत सरकारले धान र चामल निर्यातमा २० प्रतिशत कर लगाउने निर्णय गरेको छ । साथै, कनिकाको निर्यातमा भने पूर्ण प्रतिबन्ध नै लगाएको छ । यसअघि भारतबाट आयात हुने चामल र धानको निर्यातमा कर शून्य थियो । भारत सरकारको निर्णयको पछाडी यो वर्ष पश्चिम बंगाल, उत्तर प्रदेशसहित केही राज्यमा कम वर्षालाई मानिएको छ । ती राज्यमा भएको कम वर्षाको कारण यो वर्ष भारतमा धानको उत्पादनमा ७० प्रतिशतले कमी आउने अनुमान गरिएको छ । हुन पनि यो कदम राष्ट्रिय स्वार्थको हिसाबले एकदम स्वभाविक छ । आफ्नो देशमा खाद्यान्न अभाव बनाएर बाहिर निर्यात गर्नु उचित पनि होइन ।

यता नेपालमा भने भारत सरकारको यो धान-चामल निर्यातमा २० प्रतिशत कर लगाउने निर्णयको वीरगन्ज उद्योग वाणिज्य संघले कडा विरोध गरेछ । पत्रकार सम्मेलन नै गरेर उद्योग वाणिज्य संघले भारत सरकारको यो निर्णय फिर्ता गराउनका लागि पहल गर्न नेपाल सरकारसँग अनुरोध गरेको छ । उद्योग वाणिज्य संघको तर्क के छ भने भारतले चामल र धानको निर्यातमा एकै पटक २० प्रतिशत

> *नेपालले अब भारतले धान-चामल निर्यातमा कर बढायो भनेर रुनुको साटो फेरि किसानलाई कसरी खेती तर्फ फर्काउन सकिन्छ ? कसरी बेलैमा रासायनिक मल उपलब्ध गराउन सकिन्छ ? धान खेती गर्नेहरुलाई अनुदान दिन सकिन्छ ? भनेर काम गर्न थाल्नु पर्‍यो ।*

कर लगाएपछि यसले नेपालमा खाद्यान्नको महँगी बढ्ने र चामल उत्पादन गर्ने उद्योगहरु बन्द हुने अवस्थामा पुग्न सक्छ ।

आजभन्दा ४० वर्ष अगाडिसम्म नेपाल धान-चामल निर्यातक देश थियो । अझ १९६२ मा त नेपाल विश्वको चौथो ठूलो धान निर्यातक देश थियो । नेपाल सरकारले देशका विभिन्न ठाउँबाट धान-चामल खरिद गरेर बिक्री वितरण धान-चामल निर्यात कम्पनी खोलेको थियो । अहिले नेपाल धान-चामलको त कुरै छौडौं कनिकाको आयत गर्नुपर्ने अवस्थामा पुगेको छ । हरेक साल किसानले धान रोप्ने बेलामा रासायनिक मल पाउँदैन । किनकी सरकारले बेलैमा आयात गर्न सक्दैन ।

नेपालको जम्मा २८ प्रतिशत खेती योग्य जमिनमा मात्र सिचाइ सुबिधा पुगेको छ । धान खेती गर्दा हुने उत्पादनले जोताइ, रोपाइँ, गोडमेल र कटाई गर्दा लाग्ने खर्च पनि उठ्दैन । त्यही भएर तराईका धेरै खेती योग्य जमिन कि त बाझै छन् कि प्लटिङ गरेर बेचिएका छन् । खेतमा काम गर्न सक्ने युवाशक्ति विदेशमा छन् । अनि कसरी नेपाल फेरि धान-चामलमा आर्त्मनिभर बनोस् वा पहिला जस्तो निर्यातक बनोस् ?

क्लाइमेट चेन्जको प्रभाव यस्तो हिसाबले बढ्दै गइरहेको छ । त्यसको एउटा नमुना अहिले पाकिस्तानमा देखिँदैछ । यो त सुरुवात मात्र हो । अहिलेसम्म नेपालले वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सको कारण खाद्यान्न किन्न सकिरहेको छ । अझ नेपाललाई घमण्ड पनि भइरहेको छ कि पैसा भए पनि जत्ति पनि धान चामल किन्न पाइन्छ । अब यस्तो परि स्थिति आउन लागेको छ कि पैसा भएर पनि खाध्यन्न किन्न पाइँदैन । त्यो स्थिति आउन लागेको छ ।

नेपालले अब भारतले धान चामल निर्यातमा कर बढायो भनेर रुनुको साटो फेरि किसानलाई कसरी खेती तर्फ फर्काउन सकिन्छ ? कसरी बेलैमा रासायनिक मल उपलब्ध गराउन सकिन्छ ? धान खेती गर्नेहरुलाई अनुदान दिन सकिन्छ ? भनेर काम गर्न थाल्नु पर्‍यो । सरकार सञ्चालन गर्नेहरुमा दृढ इच्छाशक्ति हुने हो भने नेपाल अझै पनि धान चामलको उत्पादनमा आत्मनिर्भर बन्न सक्छ ।

# ‘युक्रेन युद्ध सम्भव भएसम्म छिटो अन्त्य गर्न चाहन्छौं’



**काठमाडौं/एजेन्सी–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटवार्तामा आफूले युक्रेन युद्ध ‘सम्भव भएसम्म छिटो’ अन्त्य गर्न चाहेको बताएका छन् । रुसी राष्ट्रपति कार्यालय क्रेमलिनले सार्वजनिक गरेको दुई नेताबीचको भेटघाटको विवरणमा उक्त कुरा उल्लेख छ ।

सांघाई कोअपरेसन अर्गनाइजेसन (एससीओ)को बैठकमा भाग लिन उज्वेकिस्तान पुगेका दुई नेताबीच शुक्रबार अलग द्वीपक्षीय वार्ता भएको थियो ।

भेटमा भारतीय प्रधानमन्त्रीले पुटिनसँग ‘आजको युग युद्धको युग नभएको र फोनमा पनि यस विषयमा जानकारी गराएको’ बताएका थिए । मोदीको संकेत युक्रेन माथिको रुसी आक्रमणतर्फ थियो ।

मोदीले प्रजातन्त्र, कुटनीति र वार्ताले विश्वलाई नजिक ल्याउने बताए । जवाफमा पुटिनले ‘युक्रेनले वार्ताको प्रस्ताव अस्वीकार गरेको बताए ।

‘युक्रेन द्वन्द्वप्रति तपाईले आफ्ना चिन्ता निरन्तर व्यक्त गर्नु भएको छ । हामी युद्ध रोक्न सम्भव भएसम्म सबै गर्नेछौं । तर दुर्भाग्यवश युक्रेनी नेतृत्वले वार्ताको प्रक्रियालाई अस्वीकार गरिरहेको छ । उसले सैन्य माध्यमबाट उद्देश्य हासिल गर्ने घोषणा गरेको छ,’ पुटिनले मोदीसँग भने ।

भारत र रुस शीत युद्धकालदेखिका घनिष्ट मित्र शक्ति हुन् । अहिले पनि रुस भारतको सबैभन्दा ठूलो हतियार निर्यातक मुलुक हो ।

तर युक्रेन युद्ध सुरु भएपछि भारतले त्यसको विरोध जनाएको छ । भलै उसले पश्चिमी मुलुकजस्तो रुसी आयात निर्यात प्रतिबन्ध लगाएको छैन ।

मस्कोले भने ‘युक्रेनमा जारी विशेष सैन्य अपरेसन’ युक्रेनलाई आधार बनाएर हुनसक्ने पश्चिमी आक्रमकता रोक्न र पूर्वी युक्रेनमा बस्ने रुसी भाषीहरुको प्रतिरक्षाको लागि आवश्यक रहेको बताउने गरेको छ । पश्चिमी मुलुकले भने रुसका यी तर्कहरुलाई अस्वीकार गर्दै बिना सर्त युक्रेनमा रहेका रुसी सेना फिर्ता गर्नुपर्ने बताइरहेका छन् ।

यसबीच सेप्टेम्बर ६ देखि युक्रेनले पश्चिमले दिएका हतियारको सहयोगमा रुसी फौजविरुद्ध प्रत्याक्रमण सञ्चालन गर्न थालेको छ ।

त्यसमा युक्रेनले अप्रत्यासित सफलता हासिल गर्दा झण्डै ८ हजार वर्ग किमी जमिन रुसी कब्जाबाट फिर्ता गर्न सफल भएको छ ।

युक्रेन युद्धका कारण पश्चिमी प्रतिबन्ध भोगिरहँदा पुटिनले भारत र चीनजस्ता ठूला बजार रहेका मुलुकसँग न्यानो सम्बन्ध कायम राख्ने प्रयास गरिरहेका छन् । दुवै मुलुकले युक्रेन संकटपछि रुसी इन्धनको खरिद बढाएका छन् ।

# जापानमा ‘खतरनाक’ आँधी आउने चेतावनी

**काठमाडौं/एजेन्सी–** जापानको मौसम विज्ञान निकाय (जेएमए) ले शनिबार दक्षिणी क्युशु टापुतर्फ आउँदै गरेको ‘खतरनाक’ आँधी आउने जोखिम रहेको बताएको छ । आँधीबाट अकल्पनीय क्षति हुनसक्ने भन्दै त्यहाँका बासिन्दालाई आँधीपूर्व नै सुरक्षितस्थलमा जान प्रशासनले आग्रह गरेको छ ।

‘नानमाडोल’ नाम दिइएको आँधीले प्रतिघण्टा २७० किलोमिटरको गतिमा आउने भन्दै यसलाई ‘भयानक’ आँधीको रूपमा वर्गीकृत गरिएको छ । दिउँसो अबेरसम्म आँधी ओकिनावा टापुबाट ४०० किलोमिटर पूर्वमा रहेको दुर्गम मिनामी दाइतो टापुनजिक आइपुगेको थियो ।

यो आँधी आइतबार क्युशुको दक्षिणी कागोशिमा प्रान्तमा प्रवेश गर्ने र त्यसको अर्को दिन उत्तरतर्फ सर्ने र त्यसपछि जापानको मुख्य टापुतर्फ अघि बढ्ने अनुमान गरिएको छ । ‘भयानक प्रकृतिको आँधीबेहरी, उच्च छाल, र व्यापक रेकर्ड वर्षाको जोखिम देखिएको छ,’ जापानको मौसम विज्ञान निकायको पूर्वानुमान एकाइका प्रमुख युंता कुरोराले सञ्चारकर्मीसँग भने ।

उनले थपे, ‘अधिकतम सावधानी आवश्यक छ । जोखिमको प्रभावित क्षेत्रका बासिन्दाहरूलाई चाँडो भन्दा चाँडो खाली गर्न आवश्यक देखिन्छ । यो निकै खतरनाक आँधी हो ।’

कुरोराका अनुसार कागोशिमा क्षेत्रका लागि शनिबार पछि पनि उच्च चेतावनी अपनाउन आवश्यक छ । जेएमएले केही दशकमा एकपटक देखिएको अवस्थाको पूर्वानुमान गरेपछि मात्र ‘विशेष चेतावनी’ चेतावनी जारी गर्छ ।

सन् २०१३ मा वर्तमान प्रणाली शुरु भएयता ओकिनावा क्षेत्रबाहिर जारी गरिएको यो पहिलो आँधीसँग सम्बन्धित विशेष चेतावनी हो । कुरोराले पत्रकारसँग भने, ‘हावाहुरी यति भीषण हुनेछ कि केही घरहरु ढल्न सक्छन् । बाढी र पहिरोको जोखिम पनि उत्तिकै छ ।’

जापानमा अहिले आँधीबेहरीको मौसम छ र एक वर्षमा लगभग २० आँधीबेहरीको सामना गर्नुपरिरहेको छ । आँधीका कारण भारी वर्षा हुने र पहिरो वा आकस्मिक बाढी आउने खतरा भएको बताएपछि प्रभावित क्षेत्रका मानिसहरू भयभित बनेका छन् ।


## JORDAN मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAS KREEDA AL SAFI — शहर: Jordan, SAHAB

पूर्व स्वीकृत मितिः २०७९/०१/२२ चलानी नं.: ६०१७८९१६ LT. No.: 262510 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 250 | स. काममा दक्ष | 220 | ३५,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

नोटः तलबः JOD २२० (JOD १२५ नगद + JOD ९५ बस्तुगत पारिश्रमिक)

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SCC Manpower Company Pvt. Ltd.

Govt. Lic. No. 487/061/062

GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu

Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com


## बृन्दावन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बिश्रामपुर, रौतहट

मधेश, प्रदेश, नेपाल

## आ.व. २०७९/०८० सालको लागि आन्तरिक आय ठेक्का सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७९/०६/०२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा प्रदेश नं. २ आर्थिक ऐन, २०७५ दफा ६ अनुसूची ४ (१) अनुसार बृन्दावन नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०७९/०८० का लागि नदिजन्य पदार्थको बिक्रि एवम् निकासीको आय ठेक्काहरु बन्दोबस्त गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही मुल्य अभिबृद्धि (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनीहरुबाट आ.व. २०७८/०७९ का लागि नवीकरण भएको इजाजत पत्र र आ.व. २०७८/०७९ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु तथा उक्त फर्म कार्य गर्न योग्य भएको स्वघोषणा (Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर माछ्ापुच्छे बैंक हर्षाहा शाखा खाता नं. ०७५००६५३९११००१३१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रिक्तपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र र परिमाण | न्युनतम कबोल अंक वार्षिक रु. | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | १/२०७९/०८० | बागमती नदिको रमौली नाकाको ढुङ्गा, गिट्टी, बालुवा, ग्रेभल | बागमती नदीको रमौली बैरिया घाट १ र रमौली बैरिया घाट २ नाकाको तोकिएको स्थानबाट ८४,९६८ घ.मि. | ३,४३,२७,०७२।- | ३०००।- | कबोल अंकको ५% |

**शर्त तथा बन्देजः–**

१. बोलपत्र फारम यो सूचना दोश्रो पटक प्रकाशित मितिले १५ औं (पन्ध्रौं) दिन सम्म बृन्दावन नगरपालिकाबाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्रहरु १६ औं (सोर्ह्रौं) दिनको १२:०० बजे सम्म बृन्दावन नगरपालिकामा शिलबन्दी दर्ता गरी सक्नु पर्नेछ ।

२. बोलपत्र फारम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

३. ठेक्काको टेन्डर फारममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई फाराममा खाममा ठेक्काको नाम उल्लेख गरी शिलबन्दी गरी पेश गर्नुपर्ने छ । शिलबन्दी बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्रदाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

४. दर्ता भएका शिलबन्दी बोलपत्र सोहि दिनको २:०० (दुई) बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नघटाई यस कार्यालयको माछापुच्छे बैंक, हर्षाहा स्थित ०७५००६५३९११०००३३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्याता प्राप्त बैंकबाट जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र स्वीकृत भए पछि वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मु.अ.कर दर्ता पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिमा सम्झौता अनुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरी चलान पुर्जी लिई सक्नु पर्नेछ । नगरेमा धरौटी रकम जफत गरिने छ र दोश्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार बृन्दावन नगरपालिकामा सुरक्षित रहनेछ ।

७. सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५०% को हकमा नेपाल राष्ट्र बैंकबाट मान्याता प्राप्त बैंकको कम्तिमा २०८० श्रावण ७ गतेसम्मको म्याद भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ । बोलपत्र दाताले सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको रकम एकमुष्ठ बुझाएमा ठेक्का अंक (कबोल अंकको) सहुलियत स्वरुप १०% छुट दिइनेछ ।

८. ठेकेदारले नियमानुसार कबोल अंकको १३% हुने मुल्य अभिबृद्धि कर (VAT) करदाता सेवाको कार्यालय चन्द्रपुर रौतहट कार्यालय कोड ३०५०४२००२ खाता नं. १०००२००१०००० राजश्व शिर्षक नं. ३३३१४ मा बुझाई सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९. ठेक्का अवधि आर्थिक वर्ष २०७९/०८० को सम्झौता मिति देखि लागु भई २०८० जेष्ट मसान्त सम्म मात्र हुनेछ ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहीत रहनेछ । ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट वा मिनहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनहा दिइने छैन विशेष परिस्थिति परी सो सन्दर्भमा नेपाल सरकार वा माथिल्लो निकायबाट निर्देशन भई आएमा सोहि बमोजिम हुनेछ ।

११. शुल्क उठाउने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउन पर्नेछ । ठेकेदारले मासिक रुपमा बिक्रि विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण संकलन/उत्खनन् रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दाबि गर्न पाइने छैन ।

१२. ठेकेदारले ढुङ्गा, गिट्टी, ग्रेभल, बालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा बागमती खोलाको रमौली बैरिया घाट १ र २ को स्वीकृत EIA को शर्त पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट बन्देज लगाइएको अवधिमा खोलाबाट नदिजन्य पदार्थ झिक्ने पाइने छैन ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ । शर्त सहितको बोलपत्रलाई बदर मानिनेछ । साथै रित नपुगी वा म्याद माघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१४. सम्मानित अदालत, नेपाल सरकारको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु नगरपालिका/ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ । ठेक्का सम्बन्धी कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै नगरपालिकाले बेला बेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ ।

१५. नदिजन्य पदार्थ उत्खनन्न गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा यस कार्यालयको निर्णय अनुसार हुनेछ ।

१६. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरी कर लिन पाइने छैन । तोकिएका कर संकलन स्थानमा दररेट सहितको होडिङ्ग बोर्ड राख्नु पर्नेछ ।

१७. उत्खनन् तथा बिक्रि भएको नदिजन्य पदार्थ रौतहट जिल्ला भित्र मात्र प्रयोग गर्न पाइनेछ । अन्य जिल्ला तथा विदेशमा निकासी गर्न पाइने छैन ।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

**जिल्ला भरीको नदिजन्य पदार्थ निकासी र बिक्रि हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्रेभल तथा पांगो (निजि जग्गामा उत्पादित सहित) कर दस्तुर (भ्याट बाहेक) को संकलन दर रेटः-**

| क्र.सं. | विवरण | इकाई प्रति | निकासी तथा बिक्रि कर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नदि नालाबाट निकासी तथा बिक्रि हुने ढुङ्गा, गिट्टी, बालुवा र ग्रेभल ( निजि जग्गामा उत्पादित हुने) समेतका | क्यू फिट | ६.२५ | ठेकेदारले भ्याट १३% रकम थप गरी संकलन गर्नु पर्नेछ । |


## जापानमा रोजगारको अवसर

JAPAN मुलुकको JAPAN शहर स्थित एक बहु प्रतिष्ठित कम्पनी REGIONAL INDUSTRY PARTNERSHIP COOPERATIVE बाट नेपाली कामदारहरूको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभबका प्रमाणपत्र सहित तुरून्त सम्पर्क गर्नुहोला ।

पूर्व स्वीकृत मितिः २०७९/०५/२६ चलानी नं.: ६०१८७७६२ LT. No.: 271575

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 2 | 0 | स. काममा दक्ष | 176,000 | १५५,९३६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

पूर्व स्वीकृत मितिः २०७९/०५/२६ चलानी नं.: ६०१८७८०६ LT. No.: 271576

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 3 | 0 | स. काममा दक्ष | 176,000 | १५५,९३६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ ।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २५ वर्ष ननाघेको अविवाहित हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च** : निःशुल्क

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता मा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोटः जापानबाट कुनै पनि वर्गमा TECHNICAL INTERN TRAINEE (गिनोउजिस्स्योउ) VISA मा ३ वर्ष काम गरी फर्किनु भएका अथवा JFT-BASIC र JFT- NURSING TEST उतिर्ण भई SPECIFIED SKILL WORKER (तोकुतेइ गिनोउ) VISA मा जापान जान चाहनुहुने पुरुष वा महिलाहरुले पनि सम्पर्क गर्नुहोला ।**

Space Overseas Services Pvt. Ltd.

श्रम इजाजत पत्र नं.: १११/०५४/०५५

Budhanilkantha, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352

E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com



## Free Visa ! Free Ticket ! Free Recruitment !
## QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEYSEER SECURITY SERVICES CO WLL(FIFA) — शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०६/०१ चलानी नं.: ६०१८७८१८ LT. No.: 271793

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 325 | 0 | स. काममा दक्ष | 1500 | ५२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ६ महिना |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | निःशुल्क | निःशुल्क | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर

शाखा कार्यालयः– विनायक होटल (छेउ), विर्तामोड, झापा

फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com

Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440

CREATING VALUE THROUGH PEOPLE

## बक्स अफिस समाचार

# ‘ए साधुराम भनेर बोलाउँदा खुसी लाग्छ’

हास्य सिरियल ‘बाउन्न घुस्सा त्रिपन्न ठक्कर’, ‘रिटार हल्दार’ लगायत थुप्रै सिरियलमा कलाकार तथा निर्माताका रुपमा उदाएका कलाकार हुन् पिताम्बर आचार्य । उनलाई पिताम्बर भन्दा पनि उनको उपनाम साधुराम भन्ने क्यारेक्टरबाट दर्शकमाझ चिनिन्छन् । उनले डेढ दशक अघि नेपाल टेलिभिजनबाट प्रसारण भएको हास्य सियिरयल ‘बाउन्न घुस्सा त्रिपन्न ठक्कर’मा खेलेको पात्रमार्फत उनलाई दर्शकले साधुरामकै उपनामले चिन्छन् । चितवन सौराहा घर भएका आचार्यले थुप्रै चलचित्रमा समेत लगानी गरेका छन् । गत महिना मात्रै प्रदर्शनमा आएको फिल्म ‘कृष्णलीला’का सह निर्माता समेत रहेका कलाकार आचार्य स्टेज नाटक हुँदै फिल्मका निर्माता बनेका हुन् । सानैबाट नाटक तथा विभिन्न प्रहशन गर्दै कलाकारितामा लागेका पिताम्बरले ३ दशक अभिनय क्षेत्रमा आफुलाई समर्पित गरिसकेका छन् । उनले लगानी गरेका कति फिल्म हिट भए भने कति फिल्मले ठिकै व्यापार गरे । उनी कलाकारितामा लाग्नु सानैबाट सोख रहेको बताउँछन् । नेपाली कलाकारितामा आफुले योगदान गर्न पाउनु उनी आफुलाई भाग्यमानी ठान्छन् । हालै चितवनमा भेटिएका उनै कलाकार तथा निर्माता पिताम्बर आचार्यसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :



**पिताम्बर आचार्य**, कलाकार तथा निर्माता

**समय कसरी बितिरहेको छ ?**

अहिले रिटार हल्दार भन्ने सिरियलमा काम गरिरहेको छु । साथै केही समय अघि रिलिज भएको फिल्म ‘कृष्ण लीला’को समीक्षा गरिरहेका छौं । छिट्टै अर्को फिल्म पनि गर्ने कि भन्ने सल्लाह भइरहेको छ । अहिले चाहिँ यो बाहेक केही मेरा घरायासी काम भएको कारण चितवनमा आइपुगेको छु । छिट्टै काठमाडौं फर्कने तयारीमा छु ।

**‘कृष्णलीला’को प्रतिक्रिया कस्तो पाइयो ?**

दर्शकबाट राम्रो प्रतिक्रिया आएको थियो । फिल्म राम्रै बनेको पनि थियो तर, फिल्म हेर्ने दर्शकको माहोल नमिलेर होला सोचे अनुसारको भएन ।

**सहनिर्माता हुदाको अनुभव कस्तो रह्यो ?**

म यो फिल्मभन्दा अघि थुप्रै फिल्ममा सहनिर्माता भइसकेको छु । अहिलेको फिल्मको मात्र म सहनिर्माता भएको होइन । त्यस कारण मलाई त्यस्तो नौलो अनुभव केही छैन । सबै उस्तै लाग्छ ।

**फिल्म प्रचार प्रसारमा तपाईंलाई खासै देखिएन नि ?**

मैले काठमाडौंमा पो प्रचारप्रसार गर्न पाइनँ । चितवन हेटौंडा तिर त गरेकै छु नि । यता मैले सक्दो प्रयास गरेको हो । यहाँ फिल्म हेर्न दर्शक हलमा पनि पुग्नु भएकै थियो । तर, पर्याप्त मात्रामा काठमाडौंभित्र समय दिन नसकेकै हो । अरु साथीहरु हुनुहुन्छ भनेर पनि काठमाडौं आउजाउ गरिएन ।

**तपाई यो कलाकारितामा कसरी आउनु भयो ? तपाईंको केही पृष्ठभूमि बताइदिनुस् न ?**

म चितवनमा हुर्केको मान्छे हो । यहाँ हुने हरेक सांगीतिक कार्यक्रममा नाटक लेख्ने, खेल्ने देखि अभिनय समेत गर्थे । आफुले लेखेको नाटक आफैंले निर्देशन गर्दा छुट्टै मजा आउँथ्यो । स्कुल लेवलबाटै मैले आफूलाई अभिनय, लेखनका साथै हास्य प्रहसनमा पनि सक्रिय राखें । सबै साथीहरु र स्कुलका शिक्षक शिक्षिकाले मेरो कला मन पराइ दिनुहुन्थ्यो । यसैको प्रभावले होला मलाई अहिले कलाकार र निर्माताका रुपमा चिनाउन सफल भएको हो ।

**तपाईंलाई दर्शकले पिताम्बर भन्दा पनि साधुरामकै उपनामले चिन्दा रहेछन् । कस्तो लाग्छ ?**

मलाई त एकदमै खुसी लाग्छ । जसले पनि ए साधुराम भनेर बोलाउनुहुन्छ । हरेक ठाउँमा यही नामले परिचित छु । एकदमै खुसी लाग्छ । आफ्नो कामलाई दर्शकले मन पराइदिनुभएको हो भन्ने लाग्छ । यसमा मन दुखाउने कुरै हुँदैन नि ।

**त्यसपछि तपाई खासै सिरियलमा व्यस्त नहुनुभएको हो कि या चर्चामा आउन नसक्नु भएको हो ?**

होइन नि । मैले सिरियल ‘हर्के हल्दार’ निर्माण गरेको हो । निर्देशक तथा कलाकार विष्णु सापकोटासँग मिलेर यसमा काम गरेको हो । तर, यो टिमका केही कलाकारसँग मनमुटाव भएपछि म बाहिरिएको हो । त्यसपछि केही चलचित्रमा लगानी गरें । मलाई अभिनय र कामको त चिन्ता छैन । थिएन पनि ।

**अनि किन फेरि चर्चामा आउन सक्नु भएन ? केमा कमजोरी भयो ?**

चर्चामा आउन नसकेको होइन । काम गर्दै जाँदा कहिलेकाहिँ कन्टिन्युटी दिन नसकेको मात्रै हो । अब आउने हो जमेर ।

**तपाई आफैं निर्माता, कलाकार, लेखक, तर निर्देशकमा आउन चाहानु भएको देखिन्न नि ?**



मैले नाटकमा निर्देशन गरेको छु । तर सिरियल फिल्ममा निर्देशक बन्न रहर नै लागेन । बरु लगानी गरेर अरुलाई निर्देशक बनाउँछु आफू बन्दिनँ । किनभने यो निर्देशक भन्ने पद निकै ठुलो हो । फिल्मको सबै कुरा हेर्नुपर्ने हुन्छ । निर्देशक बन्न कहाँ सजिलो छ र ? फेरि हामी अन्य काम पनि गर्नुपर्ने भएर यसमा मैले हात हाल्ने आँट गरिनँ । बरु एक पटक पुरै लगानीमा एउटा राम्रो फिल्म बनाउने विचारमा चाहिँ छु ।

**फिल्ममा लगानी गरेपछि डुबेको पनि त होला नि ?**

कति डुबे डुबे नि । फिल्ममा लगानी गर्दा कहिले उक्सिन्छ, कहिले डुब्छ यो त सामान्य कुरा हो ।

**फिल्म बनाउादा मात्रै आफ्नो हुने नबनाउन पराई हुने चलन नेपाली फिल्म तथा टेलिफिल्म क्षेत्रका कलाकार तथा प्राविधिकमा देखिादै आएका छन्, तपाईंले हास्य सिरियल ‘बाउन्न घुस्सा त्रिपन्न ठक्कर’का टिमसाग अहिले कस्तो छ सम्बन्ध ?**

मेरो सबैसँग सम्बन्ध एकदम राम्रो छ । बोलचाल भइरहन्छ । त्यस्तो नराम्रो भन्ने कोही छैनन् । मलाई सबैले साधुराम दाइ नै भनेर बोलाउने गरेका छन् । त्यसैको प्रभावले अहिले हास्य सियिरयल ‘रिटार हल्दार’ निर्माण गरेका छौं । दर्शकबाट राम्रै प्रतिक्रिया पाइरहेका पनि छौं ।

**कलाकारितामा लागेर के कमाउनुभयो नाम या दाम ?**

मैले दुबै कमाएको छु । दाम भन्दा बढी नाम कमाएको छु । किनभने पैसा त आज छ भोलि छैन, तर नाम सधैं रहिरहन्छ ।

**अन्तमा अबको योजना के छ ?**

अहिले यही सिरियलमा नै व्यस्त रहने हो । अन्य कुरा विस्तारै समयानुसार चल्दै जाने भन्ने नै छ । माहोल हेरेर फिल्म निर्माणमा जुट्ने योजना पनि छ । हेरौं के हुन्छ ।

# लक्ष्मणको संगीतमा ‘दिल रुन्छ जब’




**काठमाडौं/मस–** चर्चित गायक शिव परियारको स्वरमा ‘दिल रुन्छ जब’ बोलको गीत सार्वजनिक भएको छ । युवा पुस्ताका प्रतिभाशाली संगीतकार लक्ष्मण पोखरेलको शब्द र संगीत रहेको मर्मस्पर्सी गीतमा अशोक थापाले संगीत संयोजन गरेका छन् । मनोज डंगोलको रेकर्डिङ मिक्सिङ रहेको छ ।

चलचित्र निर्देशक वसन्त अधिकारीको निर्देशनमा तयार पारिएको गीतको भिडियोमा मोडल सुशान्त आर टि र विना राउतको अभिनय रहेको छ । समाजसेवी मिलन गिरिको समेत अभिनय रहेको गीतलाई भविश्य कार्कीले छायाङकन गरेका हुन् भने नरोत्तम पाण्डेले सम्पादन गरेका छन् ।

ब्राइट फ्युचर डान्स सेन्टरको प्रस्तति रहेको यस गीतलाई जीवन बुढाथोकीको नृत्य, मोही सिंहको मेकअफ रहेको छ । सुन्दा निकै आनन्द आउने गीतको भिडियो पनि उत्तिकै उत्कृष्ट बनेको छ । ब्राइट फ्युचर डान्स सेन्टर युटुब च्यानलबाट सार्वजनिक गरिएको गीतबाट कलाकार शुसान्त निकै आशावादी रहेको बताउँछन् ।


# ‘डिसेम्बर फल्स’को छायांकन पुनः शुरु

**काठमाडौं/मस–** फिल्म ‘डिसेम्बर फल्स’को छायांकन पुनः शुरु भएको छ । कोरोनाको पहिलो चरणको लकडाउनपछि छायांकन सुरु भएको फिल्म दोस्रो लकडाउनका कारण रोकिएको थियो । त्यसपछि छायांकन हुन नसकेको फिल्म अव पूरा गर्ने गरेर शुरु भएको हो ।

आर्यन सिग्देल र उपासना सिंह ठकुरी मुख्य भूमिकामा रहेको फिल्मका प्रवीण भ्रा हुन् । रामप्रसाद रिजालको प्रस्तुति रहेको फिल्मको कार्यकारी निर्माता लक्ष्मण रिजाल छन् । राजकुमार भट्ट निर्माता रहेको फिल्ममा आर्यन र उपासनाका साथमा सुमन थापा रोहित, सलोन बस्नेत, नरेश भट्टराई लगायतका कलाकारले अभिनय रहनेछ ।

बिपीका खनालको कथा, केदार भुसालको पटकथा र सम्वाद रहेको फिल्मको अधिकांश दृश्य पोखरामा आसपासमा खिचिएको छ ।

# साढे पाँच दशक पुरानो गीत बन्यो नेपथ्यको ताजा प्रस्तुति



**काठमाडौं/मस–** कुनै समय संगीतको माध्यमबाट चेतनाको जागरण फैलाउँदै हिँडेका कवि मञ्जुलले आफ्ना लेखनीमा पूर्वी नेपालको डाँडापाखाका प्रेममय भाकाहरु पनि उतारेका थिए । यसै क्रममा २०२४ सालको एउटा कविता संग्रहमा प्रकाशित उनको गीतलाई नेपथ्य ब्याण्डले आजैबाट आफ्नो आधिकारिक युट्युब च्यानल मार्फत् सार्वजनिक गरेको छ ।

मञ्जुलको ‘साइँली मोरीलाई’ पुस्तकमा संग्रहित त्यस रचनाले भन्छ -

‘लेकैको लालीगुराँस, काली काली केशलाई
साइँली मोरीलाई
पाखैको चिसो बतास, डाली डाली फूललाई
साइँली मोरीलाई’

यो शब्द रचना गर्दा मञ्जुल १९ वर्षका थिए । त्यसको निकै पछि मात्र यसले पुस्तकाकारमा सार्वजनिक हुने मौका पायो । त्यही शब्दलाई नेपथ्य ब्याण्डका मुख्य गायक तथा अगुवा अमृत गुरुङले आफ्नै स्वादमा पस्केपछि अब यो ब्याण्डकै ताजा गीत बन्न पुगेको छ ।

‘धेरै पहिले यसलाई कविता संग्रहमा पढेको थिएँ । त्यो पुस्तकमा पनि विशेष गरेर यो रचना बारम्बार पढेकाले कण्ठ थियो,’ अमृत भन्छन्, ‘मञ्जुल-रामेश दाइहरुले गरेको पदयात्रामा आधारित गीतीयात्रा संस्मरण सम्झनाका पाइलाहरुका डोब पछ्याउँदै करिब एक दशकअघि म पनि पैदलै पूर्वतर्फ लागेको थिएँ । ओखलढुँगाको गोरेटोमा हिँड्दा हिँड्दै एउटा दृश्यले मलाइ यस्तरी रोमाञ्चित बनाइदियो जसले फेरि त्यस पुरानो कविताको सम्झना भयो ।’

अमृतका अनुसार त्यस दिन उनी कोषभञ्ज्याङ नाघेर कटुन्जेतर्फ ओह्रालो लाग्दै थिए । त्यतिबेलै बाटोमा भर्खर बिहे गरेर आएको एउटा जोडी भेटियो । हिँड्दा हिँड्दै त्यो जोडी केही छिनको निम्ति अमृतको सहयात्री बन्न पुगेछन् । उनले त्यस जोडीको तस्बिर खिच्न खोजे । तस्बिर खिचाउँदै गर्दा हौसिएका बेहुलाले अचानक श्रीमतीको कुममा हात राखे । बेहुली पहिरनमा रंगीएकी नवविवाहिताको अनुहार त्यसबखत रातम्मे बन्न पुगेको थियो ।

‘त्यो दृश्यले मलाइ यस्तरी झक्झक्यायो । मैले कता कता वर्षौं पहिले पढेको मञ्जुल दाईको साइँली मोरी कविता दृश्यमा देखेजस्तो लाग्यो,’ उनले भने । त्यसपछि पनि अमृतको पैदलयात्रा निरन्तर अघि बढ्दै गयो ।

त्यो जोडीलाई भेटेको केही दिनमै अमृत दिक्तेलतर्फ उकालो लागे ।

त्यतिबेलै लालीगुराँसले रातम्मे भएका डाँडामा बसेर उनले मञ्जुलका पुराना शब्दहरुलाई संगीतबद्ध गरे ।

गीतको अर्को अन्तरा अलिक बेग्लै सुनिन्छ-

‘कलकले पानीको छलछले छाँगा
छाँगाले पारेको चिसो सियाल
साइँली मोरीलाई’

अमृतका अनुसार त्यो अन्तरालाई पनि त्यसै यात्राका दौरान खोटाङको निर्मली डाँडाबाट भोजपुरको चखेवातर्फ उक्लँदै गर्दा बाटोमा पर्ने झरना देखेपछि संगीतवद्ध गरिएको थियो ।

यसरी दशक अगाडि काठमाडौंबाट पैदल हिँडेरै पूर्वी पहाडी कुना संखुवासभा पुग्दा अमृतले तयार पारेको यो गीत एकपटक कन्सर्टमा पनि प्रस्तुत भइसकेको छ । केहि महिनाअघि मात्र नयाँवर्षको दिन दमकमा आयोजित नेपथ्यको कन्सर्टमा यसलाई ब्याण्डले गाएर सुनाएको थियो ।

**Ajaymeru Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Bhadrapur, Dadeldhura**
**Sudurpaschim Province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 18th September, 2022(2079/6/2)**

Ajaymeru rural Municipality Office, Bhadrapur Dadeldhura invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for followings works under Sealed Quotation. All other information and Bid Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Information to deposit the cost of bidding documents Nrs. One thousand only (Nrs.1000) in Bank:
**Name of Bank: Global IME Bank, Ajaymeru Branch Dadeldhura**
**Name of Office: Ajaymeru Rural Municipality, Bhadrapur Dadeldhura**
**Office Code No.:801077503**
**Rajaswa Shirshak No: 11019141; Rajaswa Account No: 14404010000011**
Last Date of Bid Purchase and Submission: 10th October, 2022 (2079/6/24)

| S. N. | Name of Project | Contract No. | Estimated Amount Excluding VAT, PS and Contingencies (Nrs.) | Bid Security Amount with Validity up 45 days after bid opening date. |
|---|---|---|---|---|
| 1 | Procurement of Medicine, surgical items and medical equipment's for basic health service. | ARM/SQ/G-04/2079/2080 | 17,65,912.00 | 50,000 |

# नवौं राष्ट्रिय खेलकुदको ट्रफी सुदूरपश्चिममा



**काठमाडौं/मस–** गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदको रनिङ ट्रफी सुदूरपश्चिम प्रदेशको धनगढी रंगशालामा शनिबार प्रदर्शन गरिएको छ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्ट, सामाजिक विकास मन्त्री गोविन्द बोहरा, सुदूरपश्चिम खेलकुद विकास परिषद्का सदस्य-सचिव दीपक सिंह, सुदूरपश्चिमका ९ जिल्लाका खेलकुद विकास समितिका अध्यक्ष, खेलाडी, प्रशिक्षक, सुरक्षाकर्मी, रनिङ ट्रफी टुर कार्यदलका संयोजक ओलम्पियन दीपक विष्ट, सदस्यहरु दीपक श्रेष्ठ, मिरा राई र अरुणा शाहीलगायतको उपस्थितिमा ट्रफी प्रदर्शन गरिएको हो।

बृहत राष्ट्रिय खेलकुदका लागि पहिलो पटक रनिङ ट्रफी निर्माण गरिएको हो। ट्रफीलाई अन्य ५ प्रदेश, नेपाली सेना, नेपाल प्रहरी र एपीएफको मुख्यालयमा प्रदर्शनका लागि लगिने छ भने अन्तिममा नवौं राष्ट्रिय खेलकुदको मुख्य आयोजना स्थल पोखरा पुऱ्याइने छ।

यसैबीच सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडीलाई प्रदेश सरकारले सम्मान गर्ने बताएका छन्।

नवौं राष्ट्रिय खेलकुदका लागि सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्को आयोजनामा भएको प्रदेशस्तरीय छनोट प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री भट्टले नवौं राष्ट्रियमा अब्बल हुने खेलाडीलाई प्रदेश सरकारले सम्मान गर्ने बताए। राष्ट्रलाई चिनाउन खेलाडीको अहम् भूमिका हुने उनको भनाइ थियो।

सबै जिल्लामा खेलकुदका संरचना निर्माणका साथै खेलाडीको क्षमता वृद्धिका लागि कार्यक्रम अगाडि बढाएको मुख्यमन्त्री भट्टले बताए। सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपक सिंहले राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाइने ३६ खेलमध्ये ३३ खेलमा सुदूरपश्चिम प्रदेशको सहभागिता रहने जानकारी दिए।

## मन्त्री श्रेष्ठद्वारा कभर्डहलको शिलान्यास




**काठमाडौं/मस–** संस्कृती, पर्यटन तथा नागरिक उड्यन मन्त्री एवं नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले भूकम्प स्मृती बहुउद्देश्यीय कभर्डहलको शनिबार शिलान्यास गरेका छन्।

अन्तराष्ट्रिय ओलम्पिक कमिटीको सहयोगमा निर्माण हुने कभर्डहल काठमाडौं महानगरपालिका १५ स्थित डल्लु आभाष क्षेत्रमा ६ रोपनी जग्गामा निर्माण हुने भएको छ। हलमा भलिबल, ब्याडमिन्टन, टेबल टेनिस लगायत ध्यान, योग, सेमिनार संचालन गर्न सकिने छ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले नेपाल ओलम्पिक कमिटीको पहलमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको सहयोगमा बन्ने कभर्डहलले स्थानिय स्तरमा खेलाडी उत्पादका साथै अन्य सभा सम्मेलन, ध्यान योगका कार्य गर्नलाई सहजता हुने बताए।

उनले आफु ओलम्पिक कमिटीको महासचिव भएको बेलामा बनाएको योजना अहिले आएर कार्यान्वयन हुन लागेकोमा खुशी व्यक्त गरे। उनले बाह्य संस्थाले सहयोग गरेता पनि यो स्थानिय स्तरको सम्पत्ती भएको र स्थानियहरुले नै प्रयोग र संरक्षण गनु पर्ने बताए।

कार्यक्रममा बोल्दै ओलम्पिक कमिटीका महासचिव निलेन्द्र राज श्रेष्ठले हल निर्माणले स्थानीयस्तरमा खेलाडी उत्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा वडा नं. १५ का वडा अध्यक्ष ले बन्न लागेको हलका बारेमा जनमानसमा आएका गुनासाहरुको निराकरण गर्ने क्रममा यो हल बाह्य संस्थाको लगानीमा बनेता पनि सम्पत्ती स्थानीयबासीको नै हुने भन्दै त्यसमा कुनै शंक नगर्न आग्रह गरे।

## अध्यक्ष चन्दलाई एभीसीको बधाई



**काठमाडौं/मस–** एसियन भलिबल कन्फेडेरेसन (एभीसी)ले नेपाल भलिबल संघको नवनिर्वाचित कार्यसमितिलाई बधाई दिएको छ। नवनिर्वाचित अध्यक्ष जितेन्द्र बहादुर चन्दलाई पत्र लेख्दै एभीसीले बधाई तथा शुभकामान दिएको हो।

नयाँ कार्यसमितिले नेपालमा भलिबल र खेलकुद विकासमा महत्वपूर्ण भूमिका खेल्नेमा एभीसीले विश्वास व्यक्त गरेको छ। गत भदौ २३ गते भएको चुनावी साधारण सभाबाट चन्द अध्यक्षमा निर्वाचित भएका थिए। चन्दले प्रत्यासी निरोज मास्केलाई पराजित गर्दै ४ वर्षका लागि अध्यक्षमा निर्वाचित भएका थिए।

**UAE मा रोजगार** | कम्पनी: BARARI NATURAL RESOURCES
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०५/१५ चलानी नं.: ६०१८६४३८ LT. No.: 270871 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 100 | 0 | स. काममा दक्ष | 800 | २७,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ६९,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४९६०५७६, ४९५०७१९
9810101810, 9813916322, 9851100426, Email: futurestarmp397@gmail.com
Birtamod Jhapa Branch :- 023-543784 ,9816915286 9823145954

**SAUDI मा रोजगार** | कम्पनी: MOHAMMED BIN MUBARAK BIN MOAID AL QAHTANI TRANSPORT
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७९/०५/१६ चलानी नं.: ६०१८७८०७ LT. No.: 270836

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Road Equipment Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ६०,९१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ९ गते (25 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Govt Lic No.: 842/066/067
**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sinamangal -9, Kathmandu Nepal, Tel: 01- 5910923
Mobile: 9823185379,9804836615,9864477349,9862202778,9852031009 E-mail : kpintloverseas@gmail. com

**FREE VISA! FREE TICKET ! FREE RECRUITMENT !**
**"ZERO COST"**
**SHORT TERM (3 MONTHS) EMPLOYMENT OPPORTUNITY IN QATAR !**
(शून्य लागत अन्तर्गत कतारमा छोटो अवधि (३ महिना)का लागि रोजगारीको अवसर)

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !

रोजगारदाता कम्पनी: फोर्स सेक्युरीटि सर्भिसेज (फिफा) दोहा, कतार
Employer Company : FORCE SECURITY SERVICES ( FIFA) DOHA, QATAR

पूर्व स्वीकृत मिति: २०७९/०६/०१ | चलानी नं: ६०१८७८१६ | एल टि नं : २७१७८८
Pre Approval Date: 17/09/2022 | Invoice No.: 60187816 | LT No.: 271788

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | निम्नतम योग्यता Minimun Qualification | मासिक तलब Monthly Salary कतार रियाल QAR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्नेघण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 90 | 0 | अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking English | 2000 | ६९,२४० | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छ Yes | | तिन महिना 3 Months |
| 2 | Security Supervisor | 10 | 0 | | 3500 | १२१,१७० | | | | | | | |

Age should be between 22 to 40 year old. (उमेरको हकमा २२ देखि ४० वर्ष हुनुपर्ने ।)

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

FORCE SECURITY SERVICES ( FIFA) does not impose any Recruitment/Placement Fee For this Employment
(फोर्स सेक्युरीटि सर्भिसेज (फिफा)ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)

- Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.
(आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- We will not discriminate Workers or potential workers in any way.
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाब गर्ने छैनौं ।)
- No one is allowed to take or give away gifts or bribes from suppliers and customers.
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्ने छौं ।)

Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.
(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)

Final Interview is going to conduct on 25 Sept. 2022 in office premises.
(फाइनल अन्तर्वार्ता मिति २०७९ असोज ९ गते यस कार्यालय परिसरमा हुनेछ ।)

We declear that "Blue Link Placement SolutionPvt. Ltd." don't have branch and agent.
(ब्लु लिङक प्लेसमेन्ट सोलुसन प्रा.लि.को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं।)

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

श्रम इजाजत नं. १५४७/०७८/०७९
**BLUE LINK PLACEMENT SOLUTION PVT.LTD**
एयरपोर्ट, काठमाडौं, नेपाल, फोन: ०१–५९१३२२५, ५९१३२२६
E-mail: admin@bluelinkplacement.com | www:bluelinkplacement.com

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology
Office of Hydrology and Meteorology (OHMK)
Kohalpur, Banke

**Invitation for Electronic Bids**

**Date of first Publication: 2079/06/02**

**OHMK** invites electronic bids from eligible bidders for the procurement of
1. **Supply, Delivery & Installation of Radar Water Level Sensor (DHM/OHMK/G/NCB/1-2079/80)**
2. **Supply and Delivery of Sounding Reel (DHM/OHMK/G/NCB/2-2079/80)**
3. ***Expression of Interest (EOI)* for Establishment of Mean Sea Level Benchmark in Karnali and Bheri River Basins Hydrological Stations (DHM/OHMK/C/EOI/1-2079/80)**
4. **Supply and Delivery of Manual Meteorological Instruments (DHM/OHMK/G/SQ/1-2079/80)**

under the bidding procedures specified in Public Procurement Act, 2063 and Regulations, 2064. Interested eligible bidders may obtain further information through e-GP system **www.bolpatra.gov.np/egp.**

**जुनीचाँदे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मजकोट, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**गाउँबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी सचेतना**



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं।
घ) पूरा बाउला भएको कपडा लगाऔं।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं।



**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
ङ) आफ्नो घर, आँगन सफा राखौं।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम झण्डै सम्पन्न हुन लागेको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि पोखरा क्षेत्रमा सञ्चालन हुँदै आएका अल्ट्रालाइट र प्याराग्लाइडिङ व्यवसाय विस्थापन हुनसक्ने विषय उठेको छ । तर, अहिलेसम्म सो विषयमा राज्य निकायको तर्फबाट कुनै ठोस निर्णय पनि भएको छैन् । प्रस्तुत छ, पोखरामा अल्ट्रालाइट व्यवसाय सञ्चालन गर्दै आएका पोखरा अल्ट्रालाइटका प्रवन्ध निर्देशक **पोम नारायण श्रेष्ठ**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गनुभएको संक्षिप्त कुराकानीको सम्पादित अंश :

# प्याराग्लाइडिङ र अल्ट्रालाईट पोखराबाट विस्थापित हुँदैनन्



**पोमनारायण श्रेष्ठ**
प्रवन्ध निर्देशक, पोखरा अल्ट्रालाइट प्रा.लि.

**पोखराको अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै त्यस क्षेत्रबाट प्याराग्लाइडिङ र अल्ट्रालाइट विस्थापन हुनसक्ने भनिएको थियो, सोही क्षेत्रमा लगानी गर्ने व्यवसायीहरुले सो विषयलाई कसरी लिएका छन् ?**

सो विषयमा चर्चा भएपनि अहिलेसम्म सो विषयमा कुनै टुंगो लागको छैन् । हामीले सो विमानस्थल सञ्चालनमा आएपछि पनि प्याराग्लाईडिङ र अल्ट्रालाइटलाई विस्थापन होइन, व्यवस्थापन गर्नुपर्छ भनेका छौं । हामीले



विमानस्थलको सञ्चालनसँगै प्याराग्लाइडिङ र अल्ट्रालाइट पनि उड्न पाउनुपर्छ भनेका छौं ।

प्याराग्लाइडिङ र अल्ट्रालाइट भनेको पोखराको पर्यटन क्षेत्रमा एउटा महत्वपूर्ण गहना हो । पोखरामा आएर एड्भेन्चर फ्लाइट गर्नको लागि यो अत्यन्तै महत्वपूर्ण रुपमा रहेको छ । यो विषयलाई हामी सबैले बुझेका छौं । त्यसैले यो जहाँ छ त्यही अवस्थामा रहनुपर्छ भन्ने हामी व्यवसायीहरुको माग रहेको छ ।

**तपाईंहरु सोही क्षेत्रको व्यवसायमा लगानी गरेको हिसाबले एउटा अन्तर्राष्ट्रिय विमानस्थल र अल्ट्रालाइट र प्याराग्लाइडिङ व्यवसाय सँगै जान सक्छन भन्ने अन्य मुलुकमा पनि उदाहरण छन् ?**

यस्तो प्रकृतिको व्यवसाय अन्तर्राष्ट्रिय क्षेत्रमा हेर्दा पनि सँगै सञ्चालन भएका धेरै उदाहरण छन् ।

**के तपाईंहरुले यो व्यवसायलाई पोखराबाट बैकल्पिक स्थानमा स्थानान्तर गर्ने विषयमा पनि छलफल गर्नुभएको छ ?**

हामीले त्यसरी सोचिरहेका छैनौं ।

**कोरोना महामारीले विक्षिप्त पारेको पोखराको पर्यटन क्षेत्रको अवस्था अहिले कस्तो छ ?**

विगतको तुलनामा अहिले सुधारोन्मुख छ । सिजनको शुरुवात पनि हुँदैछ । हामीले राम्रै हुने आशा राखेका छौं । कतिपय क्षेत्रमा बुकिङ पनि आएको छ । तर, यसलाई उत्साहजनक नै भनेर भन्न सकिने अवस्था पनि छैन् ।

**तपाईंको नेतृत्वमा रहेको पर्यटन परिषद् पोखराले पछिल्लो समयमा के कस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ ?**

अहिले हामीले मुस्ताङको कोरला नाका खोल्न पर्छ भन्ने विषयलाई बहसको रुपमा अगाडि बढाएका छौं । त्यसको लागि हामीले प्रदेश सरकारसमक्ष यो विषयलाई राखेका छौं । केन्द्रीय सरकारमार्फत गर्नुपर्ने काममा प्रदेश सरकारले आवश्यक भूमिका खेलोस भन्ने हाम्रो माग रहेको छ । यसको लागि आवश्यक पर्यो भने केन्द्र सरकारसँग पनि समन्वयको लागि अनुरोध गर्ने योजनामा हामी रहेका छौं ।

मुक्तिनाथ धार्मिक गन्तव्य भइरहेको सन्दर्भमा त्यसले थप टेवा पुर्याउँछ । हामीले कार्यक्रम भन्दापनि पोखराको प्रवर्द्धन गर्ने कुरालाई केन्द्रमा राखेर काम गरिरहेका छौं ।

यही २७ सेप्टेम्बरमा हामीले विश्व पर्यटन दिवश मनाउने तयारी गरेका छौं । त्यसमा रेवान पोखराले स्ट्रिट फेस्टिबल गर्ने लगायतका धेरै कार्यक्रमहरु अगाडि बढाउँदैछौं ।

**पछिल्लो समयमा पोखराको पर्यटन क्षेत्रमा पाँचतारे होटेल, प्याराग्लाइडिङ लगायत क्षेत्रमा लगानी गर्ने क्रम कस्तो रहेको छ ?**

पाँच तारे होटलको सन्दर्भमा अहिले एउटा होटल बन्दै गरेको अवस्था छ । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुँदैगर्दा एउटा मात्रै नभएर यस्ता पाँचतारे होटल पोखरा क्षेत्रमा धेरै खोल्न आवश्यक छ । सोही किसिमले सरकारले पोखराको पर्यटन क्षेत्रको विकासको लागि आवश्यक सहजिकरण गर्नुपर्छ ।

# एकैपटक झण्डै पाँच खर्बका दुई ठूला जलविद्युत् आयोजना शुरु गर्दै सरकार

**काठमाडौं/रासस** – देशमा केही भएको छैन । जताततै निरासा नै निरासा छ भनेर केही मानिसले नकारात्मक टिप्पणी गरिरहेका छन् । कोही पलायन भइरहेका पनि छन् । तर अवस्था केहीले सोचेजस्तो नकारात्मक छैन । किनकी, क्रमशः देशमा ठूलाठूला भौतिक पूर्वाधारको काम अगाडि बढिरहेको छ ।

पछिल्ला केही दिनमा दुई वटा सकारात्मक समाचार एकैपटक सार्वजनिक भए । त्यसमा दुई ठूला भौतिक पूर्वाधारसँग जोडिएका आयोजनाका विषय थिए । सरकारले एकैपटक झण्डै रु पाँच खर्ब बराबर लागतको जलविद्युत् परियोजना शुरु गर्न लागेको छ । त्यसमा बूढीगण्डकी जलविद्युत् आयोजना र माथिल्लो अरुण जलविद्युत् आयोजना छन् । ती आयोजनाको क्षमता हाल देशभित्र कूल जडित क्षमता बराबरका नै हुन् । बूढीगण्डकी जलाशय प्रकृतिको आयोजना हो भने माथिल्लो अरुण अर्धजलाशय हो ।

कूल एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि सरकारले कम्पनी स्थापना गरिसकेको छ । कम्पनी रजिस्टारको कार्यालयले कम्पनी दर्ता भएको प्रमाणपत्र प्रदान गरिसकेको छ । धादिङ र गोरखाको सिमाना भएर बहने बूढीगण्डकी नदीमा निर्माण हुने सो आयोजना नेपाल र नेपाली जनताको एउटा सपनाको परियोजना हो । बढी बिजुली माग हुने समयमा चलाउन मिल्ने र बढी बिजुली खपत हुने क्षेत्र नजिकै रहेको सो आयोजना स्वदेशी लगानीमा नै निर्माण गर्ने सरकारको तयारी छ ।

नीतिगत अस्थिरता र राजनीतिक चक्रव्यूहमा फसेको सो आयोजना निर्माणका लागि सरकारले पहिलो पटक गम्भीरतापूर्वक आँट गरेको छ । माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सफलतापछि सरकारलाई ठूला आयोजना निर्माणका लागि बल मिलेको छ । कूल चार सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसीले नेपालको ऊर्जा क्षेत्रमा 'प्याराडाइम सिफ्ट' नै गरिदिएको जानकारहरुको भनाइ छ ।

नेपाली पुँजी र प्रविधिमा नै ठूला क्षमताका आयोजना निर्माण गर्न सकिन्छ भन्ने बल नीति निर्माता र प्राविधिकलाई प्रदान गरेका कारण सरकारले एकैपटक एक हजार मेगावाट क्षमताभन्दा माथिका आयोजना सुरु गर्न लागेको हो । बूढीगण्डकी बहुउद्देश्यीय प्रकृतिको



आयोजना हो । हालसम्म आयोजना प्रभावितका लागि सरकारले ४० अर्ब बराबरको मुआब्जा वितरण गरिसकेको छ । पुनर्वास र पुनःस्थापनाका लागि पनि नीतिगत तहमा आवश्यक तयारी भइरहेको छ । कम्पनी स्थापनासँगै लामो समयदेखिको नेपाल र नेपालीको सपना पूरा हुने चरणमा प्रवेश गरेको ऊर्जामन्त्री पम्फा भुसालको टिप्पणी छ ।

कहिले चिनियाँ कम्पनी, कहिले स्वदेशी लगानी तथा सरकार परिवर्तन भएपिच्छे बदलिने नीतिका कारण समस्यामा परेको सो आयोजनालाई वर्तमान गठबन्धन सरकारले एउटा तार्किक निष्कर्षमा पुर्याएको हो । केही समयअघिसम्म ठूला आयोजना निर्माणका लागि नेपालमा पुँजी छैन, नेपालमा प्राविधिक छैनन् भन्ने जस्ता कुरा सुनिन्थे । तर ती सबै भ्रमका पर्दा तामाकोसीले तोडिदिएको छ । एउटा प्रसंगमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भनेका थिए, 'माथिल्लो तामाकोसीले हामीलाई ठूला आयोजना निर्माणका लागि मार्गप्रशस्त गरिदिएको छ र एउटा बल प्रदान गरेको छ । अब ठूला आयोजना निर्माणका लागि हामीलाई आत्मविश्वास पैदा गरेको छ ।'

बूढीगण्डकीको पछिल्लो संशोधित लागत झण्डै तीन खर्ब बराबर रहेको छ । सरकारले सरकारी स्वामित्वको एनइए इञ्जिनियरिङ कम्पनीमार्फत सन् २०१४ मा फ्रान्सेली कम्पनी ट्याक्टबेलले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) लाई समयानुकूल बनाएको छ । सो आयोजनाले धादिङ र गोरखाका साविकका २७ गाविसमा प्रभाव पार्नेछ । आयोजना निर्माण हुने खबरसँगै आयोजना प्रभावितमा पनि एक खालको सकारात्मक सन्देश प्रवाह भएको छ ।

यस्तै शुक्रबार मात्रै एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण जलविद्युत् आयोजनामा लगानीका लागि स्वदेशी बैंक तथा वित्तीय संस्थाले प्रतिबद्धता जनाएका छन् । एक वर्षभित्र ती संस्थाले कबुल गरेअनुसारको रकम उपलब्ध गराउन थाल्नेछन् ।

सो आयोजनाको लागत निर्माण अवधिको ब्याज, मूल्यवृद्धिलगायत एक अर्ब ७५ करोड अमेरिकी डलर (करिब दुई खर्ब १४ अर्ब) अनुमानित छ । माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइनेछ । करिब एक खर्ब ५० अर्ब रुपैयाँ ऋणमध्ये ९७ अर्ब विश्व बैंक, युरोपेली लगानी बैंक जस्ता बहुपक्षीय अन्तर्राष्ट्रिय विकास साझेदारबाट सहुलितयपूर्ण ऋण र ५३ अर्ब अर्ब स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाइनेछ । अन्तर्राष्ट्रिय संस्थाको सहवित्तीयकरणको नेतृत्व विश्व बैंकले गर्नेछ । एचआइडिसिएलको नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी हुनेछ । अर्धजलाशययुक्त प्रकृतिको सो आयोजनामा अवलम्बन गर्न खोजिएको लगानीको मोडललाई चलनचल्तीको भाषामा 'ब्लेन्डेड फाइनान्सिङ' (मिश्रित लगानी) नमूना परियोजनाका रुपमा लिइएको छ ।

प्राधिकरणको अगुवाइमा निर्माण हुने आयोजनामा नेपाल सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लावासी, देशभरिका सर्वसाधारणको संयुक्तरुपमा सेयर लगानी हुनेछ । सबैको साथ लिएर आयोजनालाई हालसम्मकै नमूना बनाउने सरकारको लक्ष्य छ । साँझको समयमा वा बढी बिजुली माग हुने समयमा सो आयोजना पूर्ण क्षमतामा चलाइनेछ ।

अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहने भएकाले पनि आयोजना आफैँमा उदाहरणीय छ । आयोजना निर्माण गर्न संस्थापना गरिएको अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीमा प्राधिकरणको सबैभन्दा बढी सेयर स्वामित्व रहनेछ ।

संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने आयोजना ठूलोमध्येको एक हो । प्राधिकरणका कार्यकारी निर्देशक एवं प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका अध्यक्ष घिसिङले माथिल्लो अरुणलाई नेपालमा ब्लेन्डेड फाइनान्सिङको पहिलो नमूना परियोजानका रुपमा निर्माण गरिने जानकारी दिए ।

'एचआइडिसिएलको अगुवाइमा हुने सहवित्तीयकरणमा नेपालका निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाले पनि आयोजनामा ऋण प्रवाह गर्नेछन्, यो ब्लेन्डेड फाइनान्सिङको पहिलो प्रकारको मोडेल बन्नेछ, जसबाट मुलुकको अर्थतन्त्रमा समेत सकारात्मक हलचल ल्याउनेछ', उनले भने ।

आयोजनाको निर्माण २०८१ को पुसदेखि सुरु गरी २०८७ पुसभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भई बोलपत्र डिजाइन तथा निर्माण सुपरीवेक्षणका लागि परामर्शदाता छनोटको कार्य भइरहेको छ । आयोजनाको पूर्वतयारीमध्ये दुई किलोमिटर सुरुङ मार्गसहित करिब २१ किलोमिटर पहुँच सडक निर्माण गर्न निर्माण व्यवसायी छनोटका लागि पेश भएका बोलपत्रको मूल्यांकन भइरहेको छ । पहुँच मार्ग आगामी पुसदेखि सुरु गर्ने लक्ष्य राखिएको छ ।

# खुल्यो सुपथ मूल्य पसल : कहाँ के सामग्री पाइन्छ

**काठमाडौं/रासस** - सरकारले नेपालीको महान चाड बडादशैं तिहार र छठका उपलक्ष्यमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले राजधानी काठमाडौं उपत्यकासहित देशभर सुपथ पसल सञ्चालनमा ल्याएको हो । कम्पनीको थापाथलीस्थित प्रादेशिक कार्यालयबाट दशैं, तिहार र छठ लक्षित सहुलियत पसल सञ्चालन गरिएको छ ।

उक्त सुपथ मूल्य पसलको उद्घाटन गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले चाडपर्वका बेला हुनसक्ने महँगी र कालोबजारी नियन्त्रण गरी केही हदसम्म भए पनि जनतालाई सहुलियत दिने उद्देश्यका साथ सुपथ पसल सञ्चालन गरिएको बताए ।

उनले चाडपर्वका बेला दैनिक उपभोग्य बजारमा धेरै किनबेच हुने भएकाले महँगी नियन्त्रण तथा गुणस्तरीय खाद्यवस्तु उपलब्ध गराउन बजार नियन्त्रण गर्नु सुपथ पसलको प्रमुख लक्ष्य भएको बताए । उद्योगमन्त्री बडूले जनतालाई राहत र सहुलियत प्रदान गर्न अघिल्लो वर्षभन्दा बढी मूल्य सुपथ गरिएको तथा साल्ट ट्रेडिङले दैनिक उपभोग्यवस्तु नुन, चिनीका अलावा खाद्यान्न पनि बिक्रीवितरण गर्ने जानकारी दिए ।

त्यस्तै दुग्ध विकास संस्थानले पनि सुपथ मूल्य पसल सञ्चालन गर्नेछ । टाढाका सेवाग्राहीलाई अनलाइन बिक्रीको व्यवस्था मिलाइएको छ । मन्त्री बडूले कम्पनीको सेवालाई अझ प्रतिस्पर्धी र गुणस्तरीय बनाउँदै जनतालाई समयमै अधिकतम सेवा उपलब्ध गराउन निर्देशन दिए ।

उनले भने, 'कम्पनीको सेवा दूरदराजका जनताको पहुँचमा पुर्याउन र उनीहरुको सेवामा समर्पित हुने खालका कार्यक्रम अघि बढाउनेतर्फ ध्यान दिन म आग्रह गर्दछु ।' उनले दुर्गम तथा हिमाली क्षेत्रका खाद्यवस्तुको संकलन र बजारीकरणमा ध्यान दिन पनि आग्रह गरे ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**